
# लेखापरीक्षण प्रतिवेदन

## रामगोपालपुर नगरपालिका, महोत्तरी

आर्थिक वर्ष २०८०/८१



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# रामगोपालपुर नगरपालिका, महोत्तरी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/719

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
रामगोपालपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
महोतरी

**कैफियतसहितको राय।**

हामीले रामगोपालपुर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १३ करोड ३८ लाख ९६ हजार, एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५१ लाख ६४ हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु. ४ लाख १५ हजार समेत गरी रु.१३ करोड ९४ लाख ७५ हजार समावेश गरेको छैन।
२. नगरपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान १६ करोड ६२ लाख १४ हजार, समपूरक अनुदान रू. ७ लाख ५० हजार र विशेष अनुदान रू. ५१ लाख समेत रू. १७ करोड २० दाख ६४ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू.२ करोड ७३ लाख ५६ हजार बचत रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।
३. नगरपालिकाको लागि प्रदेश सरकारबाट विशेष अनुदान रू ३० लाख प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी ९० हजार बचत रहेको छ । उक्त रकम आर्थिक वर्षको समाप्ति पश्चात् मिति २०८१।७।२३ मा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ ।

४. रामगोपालपुर नगरपालिकाको रु. ६७ करोड ७९ लाख ८४ हजार लेखापरीक्षण गरिएकोमा रू.४ करोड ६१ लाख १९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. २ करोड ३१ लाख ५६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ३९ लाख ४३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६९ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु. ६४ लाख १५ हजार र पेस्की बाँकी रु. ५७ लाख ६४ हजार समेत यस वर्ष रू. २ करोड ३१ लाख १४ हजार बेरुजु कायम रहेको छ। पालिकाको गतवर्षसम्म रु. ४४ करोड ८९ लाख ३८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४७ करोड २० लाख ५२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

५. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७० | ११७ | ४,६१,१९,२०८ | ० | ५ | २,३१,५६,१२२ | १,५१,२९२ | ७० | ११२ | २,३१,१४,३७८ | ३९,४३,२१६ | ६४,१४,७८१ | ६९,९२,३४६ | ० | ० | १,३४,०७,१२७ | ५७,६४,०३६ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| महोत्तरी | ४४,८९,३८,००० | | | ४४,८९,३८,००० | | २,३१,१४,३७८ | ४७,२०,५२,३८७ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | | शिक्षातर्फ वढी ग्रेड,कार्यसम्पादन अनुदान,वढी निकासाः | ६,५०० |
| २ | २०८०/८१ | | व्यवस्थापन अनुदानः | २,००,००० |
| ३ | २०८०/८१ | | वित्तीय विवरण परीक्षण | २,२६,९२,३६८ |
| ४ | २०८०/८१ | | लागत अनुदान | २,५२,९६३ |
| ५ | २०८०/८१ | | राजश्व सम्वन्धी व्यहोराहरु | ४,२९० |
| जम्मा | | | | २,३१,५६,१२२ |

# (८०२१८४०८३०० - रामगोपालपुर नगरपालिका, महोत्तरी )

# परिचय

१ **परिचय**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडारहेको छ भने क्षेत्रफल ३९.५४ वर्ग किलोमिटर तथा ३०४१२ जनसंख्या रहेको छ ।

२ **लेखापरीक्षणको उद्देश्य**

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

३ **लेखापरीक्षणको क्षेत्र र अवधि**

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५। ४ देखि २०८१ ।५। ९ सम्म रहेको छ ।

४ **लेखापरीक्षण विधि**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

५ **लेखापरीक्षणको सीमा**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

६ **आर्थिक कारोबारको स्थिति**

स्थानीय सञ्चित कोष ब्यवस्थापन प्रणाली बाट प्राप्त एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) निम्नानुसार रहेको छ।

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७०२९४६८४ | ० | ७०२९४६८४ | ८८९३७०२८ | ० | ८८९३७०२८ |
| १३००० | अनुदान | | २२६८८१९५० | ० | २२६८८१९५० | ३२८१२६६०० | ० | ३२८१२६६०० |
| १४००० | अन्य राजस्व | | ४०३०९०२ | ० | ४०३०९०२ | ८७३६७१८ | ० | ८७३६७१८ |
| १५००० | विविध प्राप्ति | | ३५८२०५२ | ० | ३५८२०५२ | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ३०४७८९५८७ | | ३०४७८९५८७ | ४२५८००३४७ | | ४२५८००३४७ |
| ३ | चालु | | २२११६३३०३ | ० | २२११६३३०३ | २५५२५६८५९ | ० | २५५२५६८५९ |
| २१००० | पारिश्रमिक / सुविधा | | १०४६८२२४७ | ० | १०४६८२२४७ | १०५८८३१९३ | ० | १०५८८३१९३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १०७३८६९६० | ० | १०७३८६९६० | १३७१८८८५५ | ० | १३७१८८८५५ |
| २७००० | सामाजिक सुरक्षा | | ५८०४६४२ | ० | ५८०४६४२ | ७२२२२३२ | ० | ७२२२२३२ |
| २८००० | अन्य खर्च | | ३२८९४५४ | ० | ३२८९४५४ | ४९६२५८० | ० | ४९६२५८० |
| ४ | पूंजीगत | | १०११४६०४६ | ० | १०११४६०४६ | १७६९०९२५६ | ० | १७६९०९२५६ |
| ३१११० | भवन तथा संरचना | | २८३४७९९९ | ० | २८३४७९९९ | ४२८१४१८ | ० | ४२८१४१८ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३०१५३६१ | ० | ३०१५३६१ | २९५५०७३ | ० | २९५५०७३ |
| ३११३० | अन्य पूँजीगत खर्च | | १३९८९५१ | ० | १३९८९५१ | १००००० | ० | १००००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११४० | सुरक्षा उपकरण | | ० | ० | ० | ३८४०२२ | ० | ३८४०२२ |
| ३११५० | सार्वजनिक निर्माण | | ६८३८३७३५ | ० | ६८३८३७३५ | १६९१८८७४३ | ० | १६९१८८७४३ |
| ख) | कुल जम्मा भुक्तानी | | ३२२३०९३४९ | | ३२२३०९३४९ | ४३२१६६११६ | | ४३२१६६११६ |
| ग) | बचत /कमी (ग = क-ख ) | | -१७५१९७६१ | | -१७५१९७६१ | -६३६५७६९ | | -६३६५७६९ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | -१५१०७३५ | | -१५१०७३५ | १०९४७५० | | १०९४७५० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -१०७७७४ | | -१०७७७४ | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | -१९०३०४९६ | | -१९०३०४९६ | -५२७१०१९ | | -५२७१०१९ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३६४२३५३९ | | ३६४२३५३९ | ४१६९४५५८ | | ४१६९४५५८ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १७३९३०४३ | | १७३९३०४३ | ३६४२३५३९ | | ३६४२३५३९ |

## ७ लेखापरीक्षणको क्रममा असुली

लेखापरीक्षणको क्रममा रामशितल मण्डलबाट वडाबाट संकलन भएको दाखिला गर्न छुट भएको रु. १२१० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

## ८ लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु

लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ९ वित्तीय विवरण परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्न अनुसार देखिएको छः

९.१ **वित्तीय विवरणको यथार्थता** -पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३,३८,९६,२७२, स्वास्थ्य क्षेत्रको सुधार कार्यक्रमको रु.५१,६४,५८२ र गरिब संग विशेश्वर कार्यक्रमको रु. ४,१५,००० समेत गरी रु.१३,९४,७५,८५४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

९.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु. १५५७१०७०२,यस वर्षको भुक्तानी रु. १६६७२८६११ र बैङ्क मौज्दात रु. ११०१७९०९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ३६४२३५३९ | ३०७०३८१२० | ३२७४५७९०७ | १६००३७५२ |
| एकीकृत आर्थिक विवरण अनुसार | ३६४२३५३९ | ४६२७४८८२२ | ४९४१८६५१८ | ४९८५८४३ |
| फरक | ० | १५५७१०७०२ | १६६७२८६११ | -११०१७९०९ |

९.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शिर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब

भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार देखियोः

| खाताको प्रकार / बैंकको नाम (खाता नं) | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक | कैफियत |
|---|---|---|---|---|
| ग १.१ - आन्तरिक राजस्व खाता / सिद्धार्थ बैंक लि. , ०२३१५३४४९९१ | -३३४२८२१ | ० | -३३४२८२१ | |
| ग २.१ - चालू खर्च खाता- विजोर वर्ष / सिद्धार्थ बैंक लि. , ०२३१५१२२०३३ | ० | ० | ० | |
| ग २.३ - पूँजिगत खर्च खाता- विजोर वर्ष / सिद्धार्थ बैंक लि. , ०२३१५१२२०४० | ९०००० | ० | ९०००० | |
| ग २.७ - विविध खर्च खाता / सिद्धार्थ बैंक लि. , ०२३१५३४५०९३ | १६ | १६ | ० | |
| ग ३.१ - स्धानीय तह धरौटी खाता / सिद्धार्थ बैंक लि. , ०२३१५१२१९९९ | ४८२०११२ | ४८२०११२ | ० | |
| ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता / सिद्धार्थ बैंक लि. , ०२३१५१२२०२९ | १६५७१६ | १६५७१६ | ० | |
| जम्मा | १७३३०२३ | ४९८५८४३ | -३२५२८२० | |

आन्तरिक राजस्व खाता ऋणात्मक देखिएको र श्रेष्ता र बैंकबीच रकम फरक पर्न गएको देखिन्छ ।अत पालिकाले ऋणात्मक मौज्दात हुनुको कारण पत्ता लगाई म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

९.४ फरक जिम्मेवारी -

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२७** को निर्णयले रू **२२,६९२,३६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९.५ **सञ्चित कोषमा स्थानान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको पुँजीगत खातामा रु. ९०,०००.०० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

९.६ **कर दायित्वः** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १,०७,७७४.१२ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०७,७७४ |

## १० बजेट तथा कार्यक्रम

१०.१ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति

२०८०।०३।०९ गते रु ४३ करोड ४२ लाख ३९ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१०.२ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ७४७३६७२।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १०.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१०.३ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न अनुसार ९ वडाको लागि वडागत र पालिका स्तरका कुल १०४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय | ५८ | ७ | २२ | २९ |
| २ | वडास्तरीय | ४६ | ० | ९ | ३७ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ८५ योजना मात्र कार्यान्वयन भई २० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१०.४

**लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५ प्रतिशत सम्म | ५० प्रतिशत सम्म | ७५ प्रतिशत सम्म | ७५ प्रतिशत भन्दा माथि |
| कार्यक्रम संख्या | १०४ | ० | १ | १ | १ | १०१ |

१०.५ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१०.६ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१०.७ **मध्यकालिन संरचना र रकमान्तर**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत पालिकाको विशेष नगरसभाको निर्णयबाट रु.६करोड ५० लाख २३ हजार २६७ रकम विभिन्न योजनाबाट अन्य योजनामा रकमान्तर गरेको छ। रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

  उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

११ **आय र व्यय बिश्लेषणः**

११.१ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय ( गत वर्षको अल्या सहित ) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४१४६४९२९४ | १५५३६४९१ | ७.०९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.०९ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११.२ **खर्च बिश्लेषणः** पालिकाले यस वर्ष कुल आन्तरिक आय रु.१ करोड ५५ लाख ३६ हजार ४९०, राजस्व बाँडफाँड रु.८ करोड ५२ लाख ३६ हजार ४७७ र अनुदानबाट रु.२२ करोड ९१ लाख ७९ हजार ४५० समेत रु.३२ करोड ९९ लाख ५२ हजार ४१८ आम्दानी भएकोमा चालु तर्फ रु.२२ करोड ३३ लाख ३० हजार ९८२ र पूँजिगततर्फ रु.१० करोड १३ लाख ९१ हजार ४५ गरी जम्मा रु.३२ करोड ४७ लाख २२ हजार २८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.७८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ६८.७८ र पूँजिगत ३१.२२ प्रतिशत मात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

११.३ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रमको नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत | १०१३९१०४५.८७ | ४२५३१७६.०० | ३५८७८३२.०० | १३७०१६४६.५२ | ७९८४८३९१.३५ | ५५०६०३११.३५ |
| | प्रतिशत | १००.०० | ४.१९ | ३.५४ | १३.५१ | ७८.७५ | ५४.३० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. १०१३९१०४५.८७ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ४२,५३,१७६ अर्थात ४.१९ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ३५,८७,८३२.०० अर्थात. ३.५४ प्रतिशत र तेश्रो त्रैमासिकमा रु१,३७,०१,६४६.५२ र चौथो त्रैमासिकमा रु ७,९८,४८,३९१.३५ अर्थात.७८.५१ .प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५,५०,६०,३११.३५ अर्थात ५४.३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

११.४ **क्षेत्रगत बजेट तथा खर्च :** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।लक्ष्य अनुसार खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ९२८८०००.०० | ८३४८४७८.०० | ८९.८८ |
| २ | सामाजिक विकास | १९४५१४५९४.०० | १५१८७६१७२.२४ | ७८.०८ |
| ३ | पूर्वाधार विकास | ११५७४६४३४.०० | ७४२९३८५७.३५ | ६४.१९ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ८५००००.०० | ८२५७९२.०० | ९७.१५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११६७०१४३९.४९ | ८९३७७७२९.२३ | ७६.५९ |
| कुल जम्मा | | ४३७१००४६७.४९ | ३२४७२२०२८.८२ | ७४.२९ |

१२ **आन्तरिक नियन्त्रण प्रणाली**

१२.१

**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोड जम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको,
- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रमको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाई मात्र श्रेस्तासाथ राख्ने गरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,
- सञ्चालित योजनाको सूचना पाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्र मात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन । कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ,
- यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,
- खरिद भएको औषधि तथा जिन्सी मालसामानको माग फारम, खरिद आदेश, जिन्सी दाखिला समेत राखेको छैन भने Manual दाखिला गरेको कतिपय प्रतिवेदनमा समेत जिन्सी दाखिला नं र जिन्सी खाता पाना नं आदि छैन,
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले पुँजीगत तर्फ रु.१० करोड ११ लाख ५६ हजार, मसलन्द तथा कार्यालय सामग्रीमा रु. ३९ लाख २५ हजार खरिद गरेकोमा खरिद योजना र खरिद गुरुयोजना तयार नगरी प्रतिस्पर्धात्मक विधि समेत नअपनाई सोझै खरिद कार्य गरेको छ,
- पालिकाबाट सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रम सीप विकास तालिम लगायका कक्षाहरुमा श्रोत व्यक्तिलाई प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा अधिकांशमा कार्यपत्र समावेश छैन भने विभिन्न् कार्यक्रमहरुको अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत छैन ।
- बैठक भत्ता बापत भुक्तानी भएकोमा नियमित कार्य प्रकृतिका लागि समेत बैठक बसेको भनी भुक्तानी गरेको छ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघु उद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,

- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,
- पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

  तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२.२ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ र प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको पाइएन । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## १३ कानुन निर्माण र न्याय सम्पादनको स्थिति

१३.१ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १७ र यो बर्ष थप भएको ३८ गरी कुल ५५ विवाद दर्ता भएकोमा ३८ वटा मात्र फछ्र्यौट भएको र ७ वटा अन्य अड्डामा गएको र १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

१३.२ **कानून कार्यान्वयन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, २ वटा नियमावली, ११ कार्यविधि, निर्देशिका १ गरी १८ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ र १८ वटा कानुन राजपत्रमा प्रकाशन भएका छन् ।

## १४ कर्मचारी व्यवस्थापन

१४.१ **डोर हाजिरी** : पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म ले प फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत देखिएन। यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारमहरु को कसको नाममा र

कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका डोर हाजिर अधिकांशमा ल्याप्चे छाप मात्र रहेको ,सम्बन्धित सुपरभाइजर, उपभोक्ता वा पालिकाबाट प्रमाणित समेत हुने गरेको छैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी माग फारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

१४.२ **करार सेवा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । ऐनको दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा कर्मचारी नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिका चालु बजेट उपशीर्षकबाट वर्षभरी नै तलव पाउने करार सेवामा केही कर्मचारी रहेका तथा पटके रुपमा समेत करार सेवामा कर्मचारी नियुक्ती गरी तलव खर्च लेखेको देखिन्छ। उल्लिखित पदहरुमा बाहेक योजना विज्ञ,सूचना प्रविधि अधिकृत, सव इन्जिनियर, एम आइ एस कम्प्यूटर अपरेटर, सहायक कम्प्युटर अपरेटर लगायतका पदहरुमा पनि करारमा नियुक्त गरी पालिकाले विभिन्न २२ पदमा १०८ जना कर्मचारी करारमा नियुक्त गरी वर्षभरीमा राजश्व बाँडफाट संघीय सरकारबाट रु. २ करोड ७५ तथा आन्तरिक श्रोतबाट २० गरी २ करोड ९५ लाख खर्च लेखेको छ । संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गरी सोही अनुसार खर्च लेख्नु पर्दछ।

१४.३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, शिक्षा अधिकृत सहित ३० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१४.४ **तलवी प्रतिवेदन:** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलवी प्रतिवेदन पारित नगरी रु. १ करोड ४ लाख ४३ हजार कर्मचारी पारीश्रमिकमा भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्दछ ।

## १५ जिन्सी व्यवस्थापनः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा कम्तिमा वर्षमा १ पटक कार्यालय प्रमुख आफैले वा जिन्सी शाखाको जिम्मा लिने बाहेक अन्य कर्मचारीलाई जिन्सी निरीक्षण गर्न लगाई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले जिन्सी निरीक्षण गरि मर्मत गर्नुपर्ने, लिलाम विक्री गर्नु पर्ने तथा मिन्हा गर्नुपर्ने भनि जिन्सी सामानको पहिचान गरेको देखिन्छ तर लिलाम विक्रीको कार्बाही अगाडी बढाएको पाइएन। तोकिए अनुसार पुराना सामानहरूको मर्मत वा लिलाम गरी जिन्सी व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ।

## १६ सेवाप्रवाहको स्थिति :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण देहाय बमोजिम रहेको जनाएको छ :

सेवा प्रवाहको स्थिति

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | | विवरण प्राप्त नभएको |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | | ९८३ |
| मृत्युदर्ता | | २८६ |
| बसाईसराई दर्ता आएको | | ६४ |
| बसाईसराई दर्ता गएको | | ५१ |
| विवाह दर्ता | | ३४५ |
| सम्बन्धविच्छेद दर्ता | | ३ |
| पूर्वाधार विकास सडक निर्माण | | विवरण प्राप्त नभएको |
| कालोपत्रे सडक निर्माण | | विवरण प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक मर्मत | | विवरण प्राप्त नभएको |

पालिकाले घरनक्सा पास गर्न कार्य हालसम्म लागु गरेको देखिएन र सडक निर्माण र मर्मत अभिलेख राखेको पाइएन ।

१७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानी यतहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

१८ **विवरण नपठाएको :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान,राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम , आन्तरिक आय , ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाएको देखिएन।

१९ **भ्रमण अभिलेख एवं प्रतिबेदनः**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ ।

पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार भ्रमण खर्चबाट रु.१५ लाख ३४ हजार र अनुगमन मूल्याङ्कनबाट रु. २ लाख ८१ हजार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन साथै बिल वेगर कर्मचारीहरुलाई फुटकर खर्च भुक्तानी गरेको छ । भ्रमण/अनुगमन प्रतिबेदन बेगर खर्च लेखेको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नु पर्दछ ।

२० **विविध खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष विविध खर्च वापत रु. ६४ लाख ७५ हजार खर्च गरेको छ । विभिन्न समयमा खाना खाजामा खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन ।विविध खर्चबाट खाजा खानाका साथै मेशिनरी औजार मर्मत सानातिना कार्यालय सम्बन्धी खर्च, खेलकुद प्रतियोगिताकालागि आर्थिक सहयोग लगायतका भुक्तानी दिइएको छ। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ ।

२१ **वडा कार्यालय संचालन खर्च :**

नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. 38 मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई २५ हजार रुपैंयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(1) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडाहरुलाइ ४ लाख ५० हजार देखी १८ लाख ८० हजार सम्म वडा गत सिलिङ्ग निर्धारण गरी रु.१ करोड ५८ हजार खर्च गरेको छ।निर्धारित बजेट सिलिङ्ग भित्र स्वीपरको पारिश्रमिक, वडा समितिको निर्णय अनुसार गरिने खर्च, बाल विवाह न्यूनिकरण, पिछडिएको जातिलाइ ग्यास सिलिण्डर वितरण, दाइजो प्रथा न्यूनिकरण, विभिन्न पर्व जात्रा ब्यवस्थापन खर्च, खेलकुद प्रतियोगिता आयोजना तथा जनचेतनामूलक कार्यक्रम लगायतका शिर्षकमा रकम वडाको योजना अनुसार विनियोजन गरी खर्च गर्ने गरेको पाइयो। यो वर्ष १ देखि ९ वडामा वडा संचालन खर्च बापत प्रत्येक वडालाई ३ लाखका दरले वडालाई विनियोजन गरी खर्च गरेको छ । सम्पूर्ण खर्चको बिल भरपाई पेश गरेर सम्बन्धित वडा सचिवले सोधभर्ना मार्फत भूक्तानी लिएको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिनुको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।

२२ **चालु आ.व.को पेस्की बाँकी :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की गत आर्थिक वर्षको समेत फस्योंट नभई आ.व.२०८०।८१ को म्याद समाप्त भएको रु. ५७ लाख ६४ हजार ३६ बाँकी रहेको देखिन्छ। जस मध्ये आ.व.२०८०।८१ को म्याद समाप्त भएको फस्योंट गर्न बाँकी रु.

**(विस्तृत विवरण बेरूजु दफा २२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ५७,६४,०३६ |

२३ **धरौटीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तीगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको कारण धरौटी खातामा मौज्दात रहेको कुन वर्ष देखिको कस्को नामको के वापत धरौटी रहेको हो यकिन हुँदैन । धरौटी रकम फिर्ता गर्दा व्यक्तिगत धरौटी खाता नरहेकोले वैंक

स्टेटमेन्ट अनुसार फिर्ता गर्ने गरेको पाइयो । व्यक्तिगत धरौटी खाता अद्यावधिक नहुंदा दोहोरो फिर्ता हुन सक्ने, वढी रकम फिर्ता हुन सक्ने जोखिम रहने हुँदा धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरेर मात्र धरौटी फिर्ता गर्नुपर्दछ ।

२४ **धरौटी फिर्ताः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि रिटेन्सन मनि फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको निर्माण व्यवसायी र सप्लायर्सको धरौटी रकम फिर्ता गर्दा भुक्तानी भएको रकमको मूल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| गो. भौ . नं . / मिति | व्यवसायीको नाम | धरौटी फिर्ता रु |
|---|---|---|
| ३/ ०८०।०६।१४ | बलराम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ४८००० |
| ९/ २०८०।१२।२० | जनज्योति कन्सट्रक्सन | १३९७४५ |
| | जम्मा | १८७७४५ |

| प्रमाण पेश नगरेको | १,८७,७४५ |
|---|---|

२५ **ननफाइलरः**

मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।तर पालिकावाट देहायका फर्मलाई मू अ कर रु १४११३५ समेत रु ६८७९९९ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नवुझाई ननफाइलर रहेको पाइयो। कानूनी व्यवस्था अनुसार विवरण नवुझाएकोले कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु

| भौ नं मिति | फर्मको नाम | भ्याट नं | भुक्तानी रकम | मू अ कर | ननफाइलर मिति |
|---|---|---|---|---|---|
| २४६।३।१४ | आर के ट्रेडर्स | ६१९२९३३२५ | ४७९६२८ | ५५१७८ | २०८०।M।८ |
| २५३।३।१७ | नुरी स्टोर्स | | ३१८७८ | ३६६७ | २०८०।M।१२ |
| २५५।३।१७ | नुरी स्टोर्स | | २७२९४ | ३१४० | २०८०।M।१२ |
| २०९।२।२१ | कृषि ट्रेडर्स | ६०९३९९१०१ | ६८७९९९ | ७९१५० | २०८०।T।२ |

| प्रमाण पेश नगरेको | १,४१,१३५ |
|---|---|

२६ **पदाधिकारी सुविधा**

मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्गा गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ। तर पालिकाले यो वर्षको राजश्व बाँडफाड संघीय सरकारको स्रोतबाट पदाधिकारी सुविधा शीर्षकमा एकमुष्ट रु १ करोड १५ लाख ११ हजार विनियोजन गरेकोमा रु.७६ लाख ६ हजार ५०० खर्च गरेको छ । जुन यस वर्षको आन्तरिक आम्दानी (अल्या सहित) को ४८ प्रतिशत हुन्छ । उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमा भित्र राख्नुपर्दछ ।

| सि.नं | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभा सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४००० | २४००० | २४६००० | १३६५०० | १६८००० | ५९८५०० |
| २ | यातायात खर्च | ० | १३५००० | ८१०००० | ६२५५०० | ७२९००० | २२९९५०० |
| ३ | टेलिफोन, मोबाइल | ४५००० | ४०५०० | २४३००० | १५३००० | ४८६००० | ९६७५०० |
| ४ | पुस्तक, पत्रिका , ईन्टरनेट | २७००० | २७००० | २४३००० | २१६००० | ४८६००० | ९९९००० |
| ५ | समन्वय तथा सहजीकरण | ० | ० | ० | ० | ० | ० |
| ६ | अतिथि सत्कार | १४८५०० | १०३५०० | ६४८००० | ५४४५०० | ६०७५०० | २०५२००० |
| ७ | खानेपानी/बिजुलि/सरसफाई | ० | ० | ० | ० | ० | ० |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १३५००० | १२०००० | ४०५००० | ६९०००० |
| | जम्मा | २५९५०० | ३४५००० | २३२५००० | १७९५५०० | २८८१५०० | ७६०६५०० |

२७ **मसलन्द खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैँया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा २० लाख रुपैँया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले मसलन्द खरिद कार्यका लागि बजेट टुक्रा-टुक्रा पारी रु. २४०३७६९- खर्च गरेको छ । यस्ता खरिद कार्य लागत अनुमान तयार गरी एकमुष्ट रुपमा बोलपत्रको माध्यमबाट खरिद गरी वितरण गर्नुपर्नेमा ऐन नियमावलीको व्यवस्था पालना नगरी निम्न सामाग्रीहरु टुक्रा-टुक्रा पारी फरक फरक आपूर्तिकर्ताबाट दररेट माग गरेर तथा सोझै खरिद गरेको छ । यसरी कानूनी व्यवस्था विपरीत खरिद कार्य गरेको नियमित नदेखिएको रु. २४०३७६९

| गो.भौ.नं/मिति | कामको विवरण | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|---|
| २५०-२०८०/८/२८ | कार्यालयसमाग्री | विभिन्न४ वटा फर्म | २५४०९५ |
| ४७७-२०८०/१२/६ | कार्यालयसमाग्री | सोनमजेनरल अर्डर सप्लायर्स ६०४१२५९१४ | ९६९६८१ |
| ५५८-२०८०/१२/२६ | छपाइ मसलन्द कार्यालयसमाग्री | सत्यमअफसेट प्रेस ३०४९७२५०० | २१८२१६ |
| ८४३-२०८१/२/२१ | मसलन्दकार्यालयसमाग्री | सोनमजेनरल अर्डर सप्लायर्स ६०४१२५९१४ | ४१६३४ |
| ८४४-२०८१/२/२१ | मसलन्दकार्यालयसमाग्री | पशुपतिछापाखाना ६०२१६४१०० | ३९७०० |
| ८85-२०८१/२/24 | कार्यालयसमाग्री | प्रगति इन्टरप्राइजेज ६०८३५३५१३ | ४३७५७५ |
| १०५०-२०८१/३/२१ | मसलन्दतथा कार्यालय समाग्री | एसके भी ईन्टरप्राइजेज ६१७३४९९०७ | ४४२८६८ |
| कुल जम्मा | | | **२४०३७६९** |

| अनियमित भएको | २४,०३,७६९ |
|---|---|

२८ **ईन्धन खर्च विश्लेषणः**

प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम पदाधिकारी, कर्मचारी र मधेश प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधालाइ ब्यवस्थित गर्न बनेको ऐनको दफा ४ र अनुसूची बमोजिम पदाधिकारीले कार्यालय प्रयोजनको लागि

मापदण्ड बमोजिम ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारी साधन/मेसिन प्रयोगको लगवुक राख्नुपर्ने व्यवस्था छ। पालिकाले व्यवस्थित तरिकाले लगवुक राखेको देखिदैन। पालिकासँग भएका चारपाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनमा १२ महिनामा उल्लिखित सुविधा तथा नर्म्स अनुसार रु. १५लाख २३ हजार खर्च हुनुपर्ने देखिन्छ। पालिकाले इन्धन कार्यालय प्रयोजनमा रु २५ लाख ८८ हजार विनियोजन गरी त्यसबाट कार्यालय प्रयोजनका अतिरिक्त ट्रिपर, एम्बुलेन्स, दमकल लगायतका साधन समेतका लागि खर्च लेखेकाले ईन्धन खर्च नर्म्स अनुसार मात्र हिसाव गर्न नहुने पालिकाको भनाइ छ।ईन्धन खर्च लेख्दा ब्यवस्थित रुपमा लगबुक राखेको देखिदैन। कार्यालय प्रयोजनमा कति र अन्य प्रयोजनमा कति ईन्धन प्रयोग भएको खुल्ने गरी लगबुक राखेको देखिदैन ।पालिकाले ईन्धन खर्च लेख्दा म.ले.प.फा.नं. ९०५ अनुसार सवारी साधन मेसिन प्रयोगको लगबुक राखी मापदण्ड अनुसार भुक्तानी गर्नु पर्दछ।

२९ **यातायात सुविधाः**

मधेश प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४ मा पदाधिकारीहरुलाई स्थानीय तहले सवारी साधन उपलब्ध गराउने वा उपलब्ध नगराए मात्र अनुसूची बमोजिम यातायात सुविधा वापतको रकम उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले २०८० चैत्र महिनाबाट उप प्रमूखलाइ सवारी साधन उपलब्ध गराएकोमा समेत यातायात सुविधा वापत चैत्र र बैशाख महिनामा २ महिनाको १५००० का दरले ३०००० भुक्तानी गरेको छ । निजले नगरपालिकाको सवारी साधन चलाइरहेकोमा यसरी सवारी साधन उपलब्ध गराएर समेत यातायात सुविधा उपलब्ध गराउँदा दोहोरो हुन गएको यातायात सुविधा सम्बन्धितबाट असुल हुनुपर्ने रु

| नाम थर | पद | यातायातखर्च | पटक | जम्मा | १.५%कर कट्टी | भुक्तानीरकम |
|---|---|---|---|---|---|---|
| रिनादेवीयादव | उप मेयर | १५००० | २ | ३००० | ४५० | २९५५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,५५० |

३० **मू.अ.करमा दर्ता नभएकोसँग खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले रु. २० हजार बढीको खरिद कार्य गर्दा मु.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीवाट खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उल्लेखित नियमको पालना नगरी देहाय बमोजिमका मू.अ.करमा दर्ता नभएका संस्थाबाट मालसामान खरिद तथा विभिन्न काम वापत वर्षभरीमा रु. ६२५७२०।- भुक्तानी गरको छ । उक्त खर्च नियमित नदेखिएको रु ६२५७२०

| भौ. नं./ मिति | भुक्तानीपाउने | प्रयोजन /विवरण | भुक्तानीरकम |
|---|---|---|---|
| ४८६-२०८०/१२/०८ | सुवोधकुमार साह | सुवोध ट्न्ट हाउस ६१८९७१४३७ ले वडा न ८ को नवनिर्मित भवन उद्धाटनमाटेण्ट पण्डाल भाडा मा दिएको | ५१२००० |
| ९८२-२०८१/३/१३ | नेहा किराना पसल एण्ड जनरल स्टोर्स | २०८१/३/६ मा ६ वटा प्यानविलबाट खर्च लेखेको | ११३७२० |
| कुलजम्मा | | | ६२५७२० |

| | |
|---|---|
| अनियमित भएको | ६,२५,७२० |

३१ **ननफाइलरः-**

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मुल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा देहाय वमोजिमका फर्महरुलाइ पालिकाले मुल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा तपसिल बमोजिमका फर्महरुको रु १३०९९९ ननफाइलर रहेको देखियो । तसर्थ मुल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु १३०९९९

| मिति | विरण | संस्थाकोनाम | बिलरकम | कर | कैफियत |
|---|---|---|---|---|---|
| ७४-२०८०/६/१८ | मे औ बाट स्टेशनरीखरिद | शुभनितट्रेड एण्ड सप्लायर्स ६०७७५७०९३ | ३९२९८० | ५१०८७ | Non-filer since 2079/M/12 |
| ७७१-२०८१/०१/२७ | दाइजोप्रथा न्यूनिकरण सम्बन्धी जनचेतना कार्यक्रम | श्री मिथिला सामुदायिक युवा क्लव ६०८५६५५०५ | १७४००० | २२६२० | Non-filer since 2080/T/3 |
| ९५७-२०८१/०३/१२ | बालविबाहविरुद्धको जनचेतना कार्यक्रम | निर्धन समाज उत्थानकेन्द्र ६०५०९४७९० | ४४०७०७ | ५७२९२ | Non-filer since 2080/T/2 |
| | जम्मा | | १००७६८७ | १३०९९९ | |

| प्रमाण पेश नगरेको | १,३०,९९९ |
|---|---|

३२ **वितरणमुखी खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले पालिका चालु बजेट उपशीर्षक अन्तर्गतका विभिन्न शीर्षकबाट खेल सामाग्री वितरण गरेको देखिन्छ। खरिद गरेको सामाग्रीको वितरणको भरपाई पेश भएको छैन। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई मापदण्ड बनाई व्यवस्थित गर्नु पर्दछ । ।साथै उक्त रकम सम्बन्धित लाभग्राहीले बुझेको भरपाईमा लाभग्राहीको सम्पर्क नम्वर र परिचयखुल्ने परिचयपत्र संलग्न नभएकाले परिचय पत्र राखी भरपाइ पेश गरी खर्च लेख्नु पर्छ। यसका केही उदाहरण यस प्रकार छन।

| **गो.भौ.नं./मिति** | **भूक्तानी पाउने** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ५०६-२०८०/१२/१५ | कुशवाहाबस्त्रालय ३०१९११७५१ | वडान ६ को वडा स्तरीय योजना श्री राष्ट्रिय आधारभुत विद्यालयलाइ पोशाक वितरणकार्यक्रम | **२६०४०१** |
| ७२४-२०८१/१/१६ | सुमितकुमार भगत | वडान ९ मा वडा स्तरीय खेलकुदकालागि खेलकुद समाग्री वितरण | **१००००० ** |
| ७९३-२०८१/२/१ | वडा सचिव राजकुमार मण्डल | वडा न ५ मा खेलकुद समाग्री वितरण | **९७९४१** |
| ८३९-२०८१/२/२१ | | वडा न १ मा २५ थान ग्यास सिलिण्डर वितरण | **१८५१३६** |
| ९८४-२०८१/३/१३ | जनकीट्रेडर्स १३७५१५८९७ | खेलकुद सामाग्री वितरण | **२९८३३१** |
| १०२७-२०८१/३/१७ | आरआर ट्रेडिङ्ग सप्लायर्स ६१७५७१७१५ | कंचनपुर नेपाल आवासिय विद्यालयलाई विद्यार्थी पोशाक वितरण | **३४९२४४** |
| ११३७-२०८१/३/२३ | कुशवाहाबस्त्रालय ३०१९११७५१ | झुल वितरण | **४००००० ** |
| | | | १६९१०५३ |

३३ **पारिश्रमिक कर:**

पारिश्रमिक कर-आयकर ऐन, २०५८ को दफा ८७ (१) बमोजिम वार्षिक आयको भुक्तानी गर्दा अनुसूची १ दफा १ (२) मा उल्लेखित दरहरु लगाई करको गणना गर्नुपर्ने व्यवस्था छ । पालिकाले करयोग्य आम्दानीमा सामाजिक सुरक्षा करमात्र कट्टी गरेको तर पारिश्रमिक कर कट्टी गरेको देखिएन। लेखापरीक्षणको क्रममा नमुनाको रुपमा केही कर्मचारीहरुको पारिश्रमिक कर कट्टी गर्नुपर्ने विवरण तल उल्लेख गरिएको छ । बाँकी स्थायी तथा करार कर्मचारीको कट्टी नभएको कर पनि कट्टी गरी दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ । पालिकाले

देहायका कर्मचारीहरुको पारिश्रमिक भुक्तानी गर्दा कर रु. ९०७६१।- कट्टी नगरेकोले नियमानुसार लाग्ने कर असुल गरी दाखिला गर्नुपर्ने रु.

| कर्मचारीको नाम थर | रकम |
|---|---|
| ज स्वा अ सातौ अच्छेलाल दास | १०६६१ |
| ज स्वा नि छैठौ विजय कुमार मण्डल | ९६५६ |
| सि अ हे ब छैठौ दिनेश राय | १३०९२ |
| सि अ हे ब छैठौ चन्देश्वर मणंडल | १३०९२ |
| सि अ हे ब छैठौ लक्षमण महतो | १३०९२ |
| ल्या टे छैटौ वजय कुमार पाण्डेय | ४७३४ |
| सि अ हे ब छैटौ दुखरण पंडित | १३०९२ |
| सि अ हे ब छैठौ सुरेश प्रसाद महतो | १२७६८ |
| सि अ हे ब छैठौ सत्यन्द्र प्रसाद यादव | ५७४ |
| जम्मा | ९०७६२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,७६१ |

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकामा १, ४ र ६ वडामा २ योजना मात्र सञ्चालन गरी यस वर्ष ४० जनालाई रोजगारी उपलव्ध गराई रु. १११५५६० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले सबै योजना सञ्चालन गर्नुपर्दछ ।

३५ **सिलाई कटाई सिपविकास तालिम**

**विल भरपाईः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रीत पुगे वा नपुगेको जाँच गरी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी श्री निशा चौधरीलाई गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सिलाई कटाई सिपविकास तालिमको लागि रु ४३००००।० भुक्तानी गरेकोमा गो भौ नं २५३।२०८१।०३।१७ सम्बन्धि ब्यहोरा देहाए अनुसार छन् ।

• सोको श्रेस्ता परिक्षण गर्दा रु ४९५२।० को विल भरपाई कम रहेकोले कम विल भरपाईको रकम असुल गरी संचित कोष दाखिला गर्नुपर्ने पर्दछ।

• कार्यसञ्चालन निर्देशिका २०७७ को परिच्छेद-७ खर्चको मापदण्ड सम्बन्धि निर्णय तथा कार्यविधिको बुदाँ नं ७.१.१५ अनुसार प्रशिक्षक भत्ता ४५ दिनको १५००० दिनुपर्ने तर ३५२५० दिएकोमा बढि रकमका साथै भत्तामा १५ % कट्टा गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | २७,३०२ |
|---|---|

३६ **व्यवस्थापन अनुदानः**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३७ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस पालिका अन्तरगत रहेका १८ विद्यालयहरुको शिक्षक दरवन्दी एवं पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| सि नं | विद्यालयको नाम | दरवन्दी | कार्यरत | कार्यरत मध्ये | | | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | राहत | करार | | |
| १ | म रा मा वि रामगोपालपुर | २४ | २३ | १४ | ५ | ४ | १८७४ | १:७८ |
| २ | माध्यमिक विद्यालय वसपट्टी | १७ | १७ | १३ | १ | ३ | १८२६ | १:१०७ |
| ३ | दोरिक ज नि मा वि गोठ वनौली | ८ | ८ | ३ | ३ | ० | ५३२ | १:६७ |
| ४ | ने रा नि मा वि विश्वम्भरपुर | ११ | ११ | ४ | २ | ३ | ५६९ | १:५१ |
| ५ | रामजानकी प्रा वि रामगोपालपुर | १ | १ | १ | ० | ० | २८९ | १:२८९ |
| ६ | जनजागृति प्रा वि, सहसौला | ४ | ३ | १ | २ | ० | १९९ | १:५० |
| ७ | रा नि मा वि विर्ता | ८ | ८ | २ | ३ | १ | ७८७ | १:९८ |
| ८ | जनता प्रा वि सहसौला | ५ | ५ | ४ | १ | ० | २८२ | १:५६ |
| ९ | जनता आ वि दोलाठी | ६ | ६ | ४ | २ | ० | ३९४ | १:६६ |
| १० | ने रा प्रा वि मोहनपुर | ३ | ३ | १ | २ | ० | २६३ | १:८८ |
| ११ | यूवा प्रा वि गोइठी | २ | २ | १ | १ | ० | १५१ | १:७५ |
| १२ | जनता आ वि कंचनपुर | ४ | ४ | १ | ३ | ० | २५४ | १:६४ |
| १३ | एकलव्य प्रा वि हरिदर्शन टेंगर | २ | २ | ० | २ | ० | १६७ | १:८४ |
| १४ | वालज्ञान आ वि गोठवनौली | ३ | ३ | १ | २ | ० | २२५ | १:७५ |
| १५ | रा प्रा वि थलही | २ | २ | १ | १ | ० | १६३ | १:८२ |
| १६ | राजेन्द्र प्रा वि विश्वम्भरपुर | १ | १ | १ | ० | ० | ९७ | १:९७ |
| १७ | दलित प्रा वि हरिणमरी टोल | १ | १ | १ | ० | ० | १०३ | १:१०३ |
| १८ | ने रा प्रा वि लक्ष्मीपुर | २ | २ | २ | ० | ० | १७५ | १:८८ |
| | जम्मा | १०४ | १०२ | ५५ | ३० | ११ | ८३५० | |

३८ **शिक्षातर्फ वढी ग्रेड,कार्यसम्पादन अनुदान,वढी निकासाः**

३८.१ **वढी ग्रेडः** पालिकाले शिक्षकहरुको राष्ट्रिय कितावखाना छाउनीवाट पारित तलवी प्रतिवेदन अनुसार तलव तथा ग्रेड खर्च लेख्नु पर्ने व्यवस्था छ।श्री माध्यमिक विद्यालय वसपट्टी वसन्तपुर अन्तर्गत दिनेश कुमार यादव र रामसागर मण्डल दुवैलाई तीनै त्रैमासिक र दशैं एवं महेशलाल यादव र वीरेन्द्र कुमार यादवलाई चारै त्रैमासिक र दशैं वापत तथा फूलवावु साहलाई प्रथम त्रैमासिक र दशैं वापतको ग्रेड रकम खर्च लेख्दा तलवी प्रतिवेदन भन्दा वढी दरमा भुक्तानी दिएको देखिएकोले वढी खर्च लेखेको ग्रेड रकम रु 63102 असुल गर्नुपर्ने रु.

| श्री माध्यमिक विद्यालय वसपट्टी वसन्तपुर | | | | | |
|---|---|---|---|---|---|
| सि नं | शिक्षकको नाम | ग्रेड दर | दिनुपर्ने | दिएको | वढी |
| १ | श्री दिनेश कुमार यादव | १४५६ | १०१९२ | ११६४८ | १४५६० |
| २ | श्री रामसागर मण्डल | १४५६ | १०१९२ | ११६४८ | १४५६० |
| ३ | श्री महेशलाल यादव | १४५६ | ८७३६ | १०१९२ | १८९२८ |
| ४ | श्री वीरेन्द्र कुमार यादव | ११५८ | ६९४८ | ८१०६ | १५०५४ |
| | | | | जम्मा | ६३१०२ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ६३,१०२ |
|---|---|

३८.२ **कार्यसम्पादन अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २।७।१३।१३ को उपक्रियाकलाप अन्तर्गत नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित अनुदान वापत प्रति विद्यालय ३० लाख देखि ६० लाख सम्म दिने व्यवस्था छ।सो अन्तर्गत रामगोपालपुर वडा नं ५ स्थित महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालयलाई रु ४५००००० निकासा दिएको छ।उक्त निकासा विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वियन योजना अनुसार शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम शर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित वजेटको कार्य प्रगति सहित आवश्यक वजेट सहितको प्रस्ताव विद्यालयवाट पेश गर्नु पर्ने व्यवस्था छ।सो अनुसार विद्यालयले कुनै पनि गुरुयोजनाको प्रस्ताव पेश गरेको दखिएन साथै उक्त रकम खर्च गरेको प्रमाण पनि संलग्न गरेको छैन । यस सम्वन्धमा पालिकाको शिक्षा शाखासंग छलफल गर्दा काम नभइ रकम त्यसै खातामा रहेको जवाफ प्राप्त भएको छ। तसर्थ विद्यालयले गुरुयोजना सहित भौतिक पूर्वाधार निर्माणको कार्य प्रगति तथा विद्यालय व्यवस्थापनको लागि खरिद गरिएका सामानहरुको जिन्सी दाखिला सहित काम भएको पुष्टी हुने आवश्यक प्रमाण कागजात पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| प्रमाण पेश नगरेको | ४५,००,००० |
|---|---|

३८.३ **वढी निकासाः** ३७।०८०।६।३० पालिकाले शिक्षकको तलव निकासा गर्दा तलवी माग फाराम अनुसार निकासा दिनु पर्दछ।श्री मा वि वस पट्टी वसन्तपुरलाई प्रथम त्रैमासिक वापत रु २८०७८२२ निकासा दिनु पर्नेमा रु २८२०४६१ दिएकोले वढी निकासा दिएको रकम रु १२६३९ असुल गरी संघीय संचित कोष दाखिला गर्नु पर्ने रु

| असुल गर्नुपर्ने | १२,६३९ |
|---|---|

३९ **शिक्षा सम्वन्धी व्यहोराहरु**

३९.१ **दिवा खाजाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.११.१मा प्रत्येक विद्यालयले वजेट निकासा माग गर्दा अनुदान मागको विवरण विद्यालय व्यवस्थापन समितिको निर्णय र शैक्षिक तथ्यांक सहित माग गर्नुपर्ने र विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट प्रमाणित गराइ संख्या एकिन भएपछि मात्र अनुदान

निकासा दिनुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष रु ४३४०८५० दिवा खाजा वापतको रकम निकासा गरेको छ।यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको पालिकाले अनुगमन गरी प्रतिवेदन तथा राय सुझाव दिएको देखिएन।

३९.२ **अनुगमन प्रतिवेदनः** कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.३०२ मा शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्यांकन, शिक्षक मेन्टरिंग तथा विद्यालय सुपरीवेक्षण अन्तर्गत कक्षा ८ को परीक्षा संचालन तथा प्रमाणीकरण एवं विद्यार्थी मूल्यांकनको ८ वटा उपक्रियाकलाप वापत रु १८२८७५ खर्च गरेको छ।उक्त क्रियाकलापको प्रगति सूचकवारे पालिकाले अनुगमन गरी प्रतिवेदन दिएको देखिएन।

३९.३ **निकासा अभिलेख खाताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले शिक्षकहरुको तलव निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु, दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा खाता खडा गरी राख्नु पर्नेमा सो गरेको देखिएन।यसवाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ।तसर्थ विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ।

३९.४ **विलभरपाइः** १५३।०८०।१२।१८ कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.५० प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान वापत श्री माध्यमिक विद्यालय वसपट्टी वसन्तपुरलाई नन स्यालरीको रकम रु ३१३५५० निकासा गरेकोमा विद्यालयले उक्त सामानहरु खरिद गरेको विल भरपाई पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१३,५५० |

४० **छात्रवृति**

१५४।०८०।१२।१८ कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं ४.२ अन्तर्गत गैरआवासीय छात्रवृति शिर्षकमा १८ विद्यालयलाई रु १६६८५०० निकासा दिएको छ।सो छात्रवृति निकासा सम्वन्धमा निम्नानुसार देखियो।

४०.१ कार्यान्वियन पुस्तिकाले तोके अनुसार छात्रवृति पाउने विद्यार्थीको इमिसमा भएको तथ्यांकलाई यथार्थ तथ्यांङ्कसंग सत्यापन गराइ शिक्षा अधिकृतवाट प्रमाणित गरी अनुदान दिनुपर्ने र विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृति पाउने छात्रछात्राहरुको नामावली सहितको विवरण अद्यावधिक गरी विद्यालयले सूचना सार्वजनिक गर्नुपर्नेमा सो गरेको नदेखिएको साथै पालिकाले पनि लक्षित व्यक्तिले प्राप्त गरे नगरेको अनुगमन गरेको देखिएन।

४०.२ महेन्द्र मा वि वसपट्टी वसन्तपुरलाई छात्रवृति वापत रु २३४००० निकासा गरेकोमा को कसले रकम प्राप्त गरेको हो सो को भरपाइ पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३४,००० |

४१ **लागत अनुदान**

१००।०८०।१०।१९ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५० अन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाका लागि रु ८४०००० अनुदान निकासा दिएकोमा निम्न अनुसार देखियो ।

४१.१ प्राथमिक तह तृतिय श्रेणीको शिक्षक सरह श्री अशोक कुमार यादवलाई ल्याव असिष्टेण्ट पदमा नियुक्ति गरी मासिक रु ३२९०२ का दरले १२ महिनाको ३९४८२४ भुक्तानी गर्नु पर्नेमा रु ४३३३४५ खातामा जम्मा गरेकोले वढी भुक्तानी भएको रु ३८५२१ असुल गरी

दाखिला गर्नु पर्ने रु

| असुल गर्नुपर्ने | ३८,५२१ |
|---|---|

४१.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-६** को निर्णयले रू **२५२,९६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

४२ **धानवाली प्रवर्द्धन कार्यक्रमः**

पालिकाले धानवाली प्रवर्द्धन कार्यक्रम अन्तरगत वासमती, सवा मन्सुली, स्वर्ना, हर्दिनाथ,न्यूस्टार लगायत विभिन्न जातका धानको वीउ ५० प्रतिशत अनुदानमा खरिद गरी रु ४०५४९९ भुक्तानी गरेको छ।त्यसैगरी साना सिंचाई अन्तर्गत साना सिंचाइ सामाग्री सहयोग वापत ८५ प्रतिशत अनुदान वापत रु ८४०४२३ अनुदान वितरण गरेको छ। उक्त धानको विउ तथा सिंचाइ सामाग्री सहयोगवाट किसानहरुको उत्पादन तथा उत्पादकत्वमा के कस्तो प्रभाव देखियो पालिकाले अनुगमन गरी प्रतिवेदन दिएको देखिएन।

| भौ नं मिति | कृषि फर्मको नाम | ५० प्रतिशत अनुदान रकम | कैफियत |
|---|---|---|---|
| २०९।२।२१ | जय वावा कृषि फर्म | ३४३९९९ | |
| २१३।२।२१ | वजरंग कृषक समूह | ६१५०० | गत वर्षको निरन्तरता |
| २११।२।२१ | साना सिंचाइ सामाग्री सहयोग | ४२०४२३ | ८५ प्रतिशत अनुदान |
| २१५।२।२१ | साना सिंचाइ सामाग्री सहयोग | ४२०००० | ८५ प्रतिशत अनुदान |
| | जम्मा | १२४५९२२ | |

४३ **कन्टेन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको बर्कचार्ज स्टाप खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कट्टा गर्ने गरेको देखिए तापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । सो अनुसारको अभिलेख नराखी खर्च गर्नाले उद्देश्य अनुरुप खर्च भएको सम्बन्धमा बिश्वस्त हुने आधार देखिएन । पालिकाले यस वर्ष कन्टेन्जेन्सी वापत खर्च रकमको ३ प्रतिशत कट्टीगर्ने गरेको जनाएकोमा योजनागत रूपमा अभिलेख राखेको देखिएन । यसरी अभिलेख नराखी खर्च लेखेकोले वास्तविक पुंजीगत खर्चको अनुपातमा कन्टिन्जेन्सी खर्चको सीमा नाघे ननाघेको सम्बन्धमा यकिन गर्ने आधार भएन। कतिपय योजनामा योजना संचालन नहुदै कन्टेन्जेन्सी रकम खर्च लेखेको समेत देखियो । यस्तो प्रवृतिमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ । खाजा,खाना ,पत्रपत्रिकामा सामाजिक सचेतना , विभिन्न कार्यक्रमहरु रेडियोमा प्रसारण , दैनिक भ्रमण खर्च लगायतमा पालिकाले कन्टेन्जेन्सीवाट रु. २०९४६३० रकम खर्च लेखेको देखियो । निर्देशिका अनुसार पुँजीगत प्रकृतिका खर्चहरु कन्टेन्जेन्सी शीर्षकबाट लेखेको नदेखिएकोले नियम कानुनको परिपालना भएको देखिएन। नियम कानूनअनुसार खर्च गर्नेतर्फ नगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

४४ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी म.ले.प.फा.नं. २२१ प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु. २९७०००० भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं./मिति | कार्य | रकम |
|---|---|---|
| २/२०८०।५।१०(विविधतर्फ) | कंचनिया माई पोखरी देखि उत्तर को सामुदायिक भवन | १५,०००००.०० |
| ३/२०८०।५।१०(विविधतर्फ) | लिदियाही पोखरी देखि उत्तर कंचनिया माई स्थान | १४७० ०००.०० |
| | जम्मा | २९७०००० |

| | |
|---|---|
| अनियमित भएको | २९,७०,००० |

४५ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष ६४ वटा उपभोक्ता समिति मार्फत काम गराइ रु. ६ करोड ३३ लाख ४८ हजार भुक्तानी भएको देखिन्छ । सो मध्ये नमुना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानीय सरकार ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीयतहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्न नगरपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-

- पालिकाले योजना सञ्चालन एवं कार्यान्वियनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।
- हेभी मेशीनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समिति मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने सवै निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । जसले गर्दा उपभोक्ता समिति मार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन।
- योजना कार्यान्वियनको लागि उपभोक्ता समिति र पालिकाबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।
- कुनैपनि उपभोक्ता समितिसँग योजना कार्यान्वियनको लागि कार्यतालिका लिएको छैन ।
- उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यालयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।
- पालिकाले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा सोवाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन ।
- उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन ।
- उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत सम्भार गरेको देखिएन ।
- उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नुपर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुन सकेन । रकम प्राप्त गर्नेको डोर हाजिर तथा अन्य खर्चको भरपाई गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भरपाई सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लेखापरीक्षणमा प्राविधिक मूल्याङ्कनलाई आधार मानी सम्पन्न गरिएको छ । तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने

हुन्छ । तसर्थ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भरपाई पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

- उपभोक्ता समिति मार्फत कार्य गराउँदा मूल्य अभिवृद्धि करयोग्य सामानमा मूल्य अभिवृद्धि कर समेत थप गरी लागत अनुमान तयार तथा मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छ । कार्यालयले जिल्ला दररेटको आधारमा मूल्य अभिवृद्धि कर थप गरी भुक्तानी गर्ने तर उपभोक्ता समितिले सामान खरिद गरेको विल पेश गर्दा मूल्याङ्कनमा दिएको मूल्य भन्दा घटी दरको सामान खरिदको विल र सोमा लाग्ने मूल्य अभिवृद्धि कर थप गरेको प्रमाण पेश गर्दा समेत पुरै मूल्य अभिवृद्धि कर भुक्तानी भएको छ । उपभोक्ता समितिले घटी मूल्यको सामान खरिद गरी मूल्य अभिवृद्धि कर तिरेकोमा पालिकाले जिल्ला दररेटकै आधारमा मूल्याङ्कन गरी भुक्तानी गर्दा वढी मूल्य अभिवृद्धि कर भुक्तानी भएको छ । लेखापरीक्षणमा सिमित समयको कारण उपभोक्ता समितिलाई दिएको वढी मूल्य अभिवृद्धि कर रकम एकिन गर्न सकिएन । यस सम्बन्धमा नगरपालिकाले नै एकिन गर्नुपर्दछ ।

४६ **अमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८(१) मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्वस्वीकृती लिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले विभिन्न कार्यका लागि वडा तथा पालिकाका कर्मचारीमार्फत अमानतमा गराएको कामको मूल्याङ्कन गरी भुक्तानी दिएको देखियो।अमानतमा कार्य गराउनु पूर्व स्वीकृति लिएको देखिएन ।पालिकामा निर्माण उपकरणहरू रहेकोमा सोको उपयोग नगरी तथा आबश्यक परेको खण्डमा निर्माणसम्बन्धी आवश्यक सामग्री उपलब्ध गराई ज्याला मार्फत काम गराउनु पर्नेमा सो व्यवस्था विपरीत पालिकाले कर्मचारी तथा अन्य व्यक्तिहरु मार्फत भरपाई तथा डोर हाजिरी संलग्न गरी प्राविधिक मूल्याङ्कनको आधारमा रकम ३००३०७६ भुक्तानी दिएको छ। यसरी कार्यहरु एउटै व्यक्तिलाई पटक पटक रकम भुक्तानी दिएको देखिन्छ । जसले गर्दा गरेको कार्यमा मितव्ययी नदेखिने भएकोले उक्त भुक्तानी दिएको नियमसम्मत देखिदैन। नियम कानुनको परिपालना गरी खरिद व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४७ **उपभोक्ताले कन्टयाक्टरबाट काम गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरवाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले ग्राभेलको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ ।

| उपभोक्ता समितिको नाम | कार्य | निर्माण व्यवसायी | रकम |
|---|---|---|---|
| महोत्तरी जिल्लाको राम गोपालपुर न.पा ४ रामगोपालपुरदेखि विसन्पुर सडक निर्माण | सडक निर्माण | खुशी निर्माण सेवा एण्ड जेनेरल अर्डर सप्लायर्स | ३०४८५२५ |

४८ **गैर सरकारी संस्थासँग कार्य:**

तालिम, अभिमुखीकरण सबलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । साथै स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारका तालिम तथा कार्यक्रम गैर सरकारी संस्थाबाट गराउदा मधेश प्रदेश सरकारद्वारा जारी भएको प्रदेश खर्च मापदण्ड, २०७७ ले विभिन्न तालिम, गोष्ठी, सेमिनारको लागि निर्धारण गरेको नर्म्स भन्दा पनि बढी दरले कार्यक्रम स्वीकृत गरी रु. १४३९२६१ खर्च भएको देखिन्छ । यसरी प्रदेश खर्च मापदण्डले निर्धारण गरेको नर्म्स भन्दा बढी खर्च भएको असुल हुनुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ४८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,३९,२६१ |

४९ **चापाकल तथा स्यालो ट्युवेल**

नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७३।११।१ मा स्वीकृत स्यालो ट्युवेल सिचाइ योजना कार्यान्वयन निर्देशिका तेश्रो संसोधनको भाग ३ बुँदा ९ मा प्रत्येक ट्युवेल योजनाभित्रका पुराना तथा नयाँ डिप ट्युवेल सम्बन्धी डाटा (स्वामित्व, निर्माण मिति,लगानी गर्ने वित्तीय संस्था,सिंचित क्षेत्र , स्थान समेत खुलाउने जि.पि. एस तथा हाइड्रोलोजिकल डाटा संकलन गरी कार्यालयले अध्यावधिक गर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा निम्नानुसार गो.भौ.नं. बाट खानेपानीको लागि चापाकल र सिंचाइको लागि स्यालो ट्युवेल उपभोक्ता समिति मार्फत जिल्ला दररेटको आधारमा खरिद गरि जडान गरेको छ । कार्यालयले भूमिगत जलश्रोत सम्बन्धी कार्य गर्दा कुनै कार्यविधि तयार गरेको देखिएन । लाभग्राही छनौट गरी कार्य गर्दा व्यवस्थित, न्यायोचित तथा अन्तरतह कार्यान्वयनमा दोहोरो नपर्ने गरी, भूमिगत जलश्रोत सम्बन्धी कार्यविधिको तयारी तथा जि.पि.एस सहितको अभिलेखाँकन समेत गरी कार्य गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| गौ.भौ.नं./मिति | उपभोक्ता समिति | कार्य | रकम |
|---|---|---|---|
| १४८/२०८१।०३।१४ | न.पा.भित्र खानेपानी खरिद तथा जडान कार्य उ.स. | न.पा. भित्र खानेपानी खरिद तथा जडान कार्य | ४, ८५ , ०००.०० |
| २२४/२०८१।०३।२२ | खानेपानी खरिद तथा जडान कार्य वडा नं २ २०८०।८१ | खानेपानी खरिद तथा जडान कार्य | ९, ७० , ०००.०० |
| ११८/२०८१।०२।२८ | स्यालो ट्युबेल खरिद तथा जडान कार्य वडा नं. ३ | स्यालो ट्युबेल खरिद तथा जडान कार्य वडा नं. ३ | ४, ८५ , ०००.०० |
| ११६/२०८१।०२।२८ | वडा नं. ४ मा कृषि सिंचाई का लागि स्यालो ट्युबेल जडान कार्य | वडा नं. ४ मा कृषि सिंचाईको लागि स्यालो ट्युवेल जडान कार्य | १९, ४० , ०००.०० |
| १८२/ २०८१।०३।१९ | स्यालो ट्युबेल जडान कार्य उ.स. वडा नं. ७ २०८०।८१ | स्यालो ट्युवेल जडान कार्य | ९, ७० , ०००.०० |
| १७०/२०८१।०३।१७ | खानेपानी तथा सफाई कार्य उ.स. वडा नं ८ २०८०।८१ | खानेपानी तथा सरसफाई कार्य | ४, ७५ , ६३१.०० |
| १५४/२०८१।०३।१५ | खानेपानी तथा सरसफाराई खरिद तथा जडान कार्य उ.स. २०८०।८१ | खानेपानी तथा सरसफाई खरिद तथा जडान गर्ने कार्य | ५, ८१ , २२३.०० |
| | जम्मा | | ५९०६८५४ |

५० **बढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्मस सम्बन्धी व्यबस्था रहेको छ । पालिकाले सडक तथा भवन निर्माण कार्यको लागि सम्बन्धित निकायको नम्स प्रयोग नगरी डोलिडारको नम्स प्रयोग गरेको देखियो । यसरी सम्बन्धित नर्मस प्रयोग नगरी फरक नर्मस प्रयोग गर्दा व्ययभार परेको देखियो । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारको योजनामा नर्मस भन्दा बढी भुक्तानी दिएको देखियो । यसरी सम्बन्धित नम्स प्रयोग नगरी फरक नर्मस प्रयोग गरेको देखिएकोले निम्नानुसारको रकम रु. २३७५१६सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ५० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३७,५१६.४९ |

५१ **सिमेन्टको परिमाण बढि**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नम्र्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सडक विभागबाट जारी गरिएको नर्म्स फर रेट एनालाईसिस अफ रोड एण्ड ब्रिज २०७५ बमोजिम

तोकिएको नर्म्समा PCC M२० मा १५ घनमिटर ढलानमा ५.१६ टन तोकीएकोमा पालिकाले ५.२१ टन प्रयोग गरि दर विश्लेषण गरेकोले बढि भुक्तानी भएको देहायवमोजिमका उपभोक्ता समिति मार्फत असुल उपर गर्नु पर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,६६७ |

५२ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन ।

**(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५३ **जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो र कतिपय योजनाहरु उपभोक्ता समितिले समयमा कार्यसम्पन्न गर्न नसक्दा अधुरो रहेको देखिन्छ । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | जम्मा लागत | भएको कार्य | बाँकी |
|---|---|---|---|---|---|
| २४४/२०८१।३।२३ | वडा नं ४ मा प्रशासनिक भवन निर्माण कार्य उ.स. | वडा नं ४ को प्रशासनिक भवन निर्माण कार्य | ५२३०२४८ | ३९९०१६३ | १२४००८५ |
| ४९/२०८०।१२।२९, | वडा नं. ३ को प्रशासनिक भवन निर्माण कार्य उ.स. | वडा नं ३ मा प्रशासनिक भवन निर्माण कार्य | ५२२३५९६ | ४४५३६७० | ७६९९२५ |
| | जम्मा | | १०४५३८४४ | ८४४३८३३ | २०१००१० |

५४ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५५ **सामान खरिद** (256-२०८१-३-२३):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ र ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि स्पेसिफिकेशन र लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले स्पेशिफिकेशन, लागत अनुमान तयार

नगरी कोटेसन मागका आधारमा श्री जयँ माँ दुर्गा सःमिल बाट १४५ सेट डेक्स बेन्च सेट खरिद गरिएको छ र जिन्सी दाखिला र हस्तान्तरणमा समेत डेक्स बेन्चको स्पेशिफिकेसन खुल्दैन । अतः लागत अनुमान र स्पेसिफिकेसन तयार नगरि खरिद गरिएको अनियमित देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९५,३८८ |

५६ **विधुतिकरण कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक खरिदको सन्दर्भमा सार्वजनिक खरिद सम्बन्धी कार्यविधि, प्रक्रिया तथा निर्णयलाई खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनिय बनाउन, सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनियता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्नुपर्ने उल्लेख गरेको छ । सार्वजनिक खरिद ऐन अनुसार सार्वजनिक निकायले प्रतिस्पर्धात्मक तवरले खरिद गर्नु पर्दछ । नगरपालिकाको विद्युतिकरण कार्यको लागि रु. ५८२०००० रकम बराबरको खरिद कार्यको लागि कोटेशन मार्फत कार्य गराएको छ । यसरी लिएको कोटेशनमा लागत अनुमानकै हाराहारीमा सम्झौता गरी कार्य गराएको छ । यसरी एउटै प्रकृतिको कामलाइ एउटा प्याकेज बनाइ बोलपत्रको माध्यमबाट खरिद गर्न सकिनेमा सो नगरी खरिद भएको छ । सिमित प्रतिस्पर्धावाट भएको कार्य मितव्ययी देखिएन । अतः पालिकाले एकै आपसमा अन्तर सम्वन्धित भएका एकै स्थान र एकै प्रकृतिको कार्यहरु कार्यान्वियन गर्दा प्रतिस्पर्धा सिमित नहुने, पारदर्शिता र value for money कायम हुने गरी स्वीकृत गराई उपयुक्त विधि मार्फत कार्य गर्नुपर्दछ ।

| गो.भौ.नं/मिति | कार्यक्रम | विक्रेता निर्माण/निर्माण व्यवसायी | रकम |
|---|---|---|---|
| १६८/२०८१/०३/१७ | विद्युतिकरण कार्य | एन्जल कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी | ९७०००० |
| १९९/२०८१/०३/२१ | विद्युतिकरण कार्य | सिद्धार्थ निर्माण सेवा | ९७०००० |
| ७९/२०८१/०२/०१ | विद्युतिकरण कार्य | एस. एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ९७०००० |
| ५१/२०८१/०१/०४ | वडा भित्रको दक्षिणवारी चौरीमा कृषि सिंचाईको लागि तार पोल | नमस्ते कन्स्ट्रक्सन | ९७०००० |
| ५३/२०८१/०१/०४ | वडा भित्रको उत्तरवारी चौरीमा कृषि सिँचाईको लागि तार पोल | जय मा राजदेवी कन्स्ट्रक्सन | ९७०००० |
| ७७/२०८१/०१/३० | कृषि पोल तार लाईन विस्तार खरिद जडान कार्य | रबि कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ९७०००० |
| | | | ५८२०००० |

५७ **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाको पूँजीगत खर्चबाट देहायका फर्मलाई मू.अ.कर रु. २८८८८०६ समेत रु. ३३४५२८ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| २८/ २०८०।११।२७ | आदित्य निर्माण सेवा | ६१७४२८९३० | ३४९५७१ | ४०२१४ | २०८०।T ।२ |
| १४८/ २०८१।०३।२० | देव जेनरल अडर सप्लायर्स प्रा. लि. | ६०६७५७९२६ | ६६०४८५ | ७५९०५ | २०८०।M ।९ |
| १९९/२०८१।०३।२१ | सिद्धार्थ निर्माण सेवा | ३०५३६३६५३ | ९७०००० | १११५९४ | २०८०।M ।८ |
| ५८/२०८१।३।२३ | बबिता कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ६१०२९६४२० | ४४१५६६ | ५२९५३ | २०८०।T ।८ |
| २७७/२०८१।३।२४ | नन्दनी कन्ट्रकसन | ६१८१२१५३१ | ४६७१८४ | ५३८६२.९ | २०८०।T ।८ |
| | जम्मा | | २८८८८०६ | ३३४५२८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३४,५२८.९ |

५८ **कोल्डस्टोर निर्माण**

कोल्डस्टोर निर्माण कार्यको लागि ठेक्का नं. **02/CS-BULG/NCB/RGPUN/2080/081** बाट रु.८६०९४८४।२१(भ्याट बाहेक) को बोलपत्र आह्वान भएकोमा निर्माण व्यवसायी साह सन्जय कन्ट्रक्सन प्रा.लि संग २०८०।९।२४ गते २०८१।२।३० गते सम्म कार्य सक्ने गरी रु.५१६८४६१।५२(भ्याट बाहेक) मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

५८.१ **अधुरा ठेक्काको कार्य स्वीका**र: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ २क (११ औं शंसोधन) मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । सो व्यवस्था अनुसार यस पालिकाको कोल्डस्टोर निर्माण सम्झौता अनुसार ठेक्काको कार्य अधुरो रहेकै अवस्थामा कार्य स्वीकार गरेको छ । प्राविधिकको भनाई अनुसार सम्बन्धित ठेकेदारले समयमा कार्य नगरेकोले जति कार्य भएको हो सोहि बमोजिम कार्यलाई स्विकार गरी कार्य सम्पन्न तयार गरी भुक्तानी रनिङ्ग विल बमोजिम भुक्तानी दिएको हो भन्ने भनाई रहेको छ। सम्बन्धित निर्माण व्यवसायीले तोकिएको समयमा कार्य सम्पन्न नगरेमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा १२१ वमोजिम पूर्वनिर्धारित क्षतिपुर्ति लगाउनु पर्नेमा कार्य अधुरै रहेको अवस्थामा कार्यालयले कार्यसम्पन्न प्रतिवेदन दिई निर्माण व्यवसायीलाई उन्मुक्ति दिएको देखिन्छ । यसो हुदा विशेष अनुदान वापत प्राप्त रकम वर्षान्त सकिए पछि फिर्ता गर्नुपर्ने भएकोले पालिकाले प्राप्त गरेको स्रोत पनि गुमेको र सोही संरचना सम्पन्न गर्न आफ्नै स्रोत आवश्यक पर्ने देखिन्छ भने उता संरचना अधुरो अवस्थामा प्रयोग विहिन अवस्थामा छ । अतः पालिकाले तोकिए वमोजिमको कार्य सम्पन्न नभई कार्यसम्पन्न दिने कार्यको कार्य नियन्त्रण गरी ठेक्का सम्झौता अनुसारको काम पूरा भए पछि मात्र कार्य स्वीकार गर्नु पर्दछ ।

| सम्झौता अनुसारको ठेक्का रकम | कार्यसम्पन्न भएको रकम | कम प्रतिशत |
|---|---|---|
| ५१६८४६१.५२ | ४११४५४९.१४ | ७९.६१ |



५८.२ **विमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्दा निर्माण व्यवसायीले विमा गराउनु पर्ने व्यवस्था रहेको छ । कोल्डस्टोर निर्माण गर्दा ठेक्का सम्झौतामा समेत विमा उल्लेख नगरेको र निर्माण कार्यको समेत विमा नगरेको देखिन्छ । अतः नियमावलीले गरेको व्यवस्थाको पालना गर्नु पर्ने देखिन्छ ।

५८.३ **कोल्ड स्टोर जमिनको स्वामित्वः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्थापन गरेर मात्र बोलपत्र आव्हान गरी निर्माण प्रकृया प्रारम्भ गर्नुपर्ने व्यवस्था छ । निर्माण स्थल जमिनको स्वामित्वको प्रमाण माग गर्दा त्यसको प्रमाण नभएको र जमिन पालिकाको नाममा नरहेको यो संरचना नेपाल सरकारको सार्वजनिक जग्गामा निर्माण रहेको भन्ने पालिकाको भनाई रहेको छ । नेपाल सरकारको नाममा रहेको सरकारी वा सार्वजनिक जग्गामा स्थानिय लगायत सरकारी निकायहरुले प्रचलित कानुन अनुसार आफ्नो नाममा भोगाधिकार कायम नगर्दै सार्वजनिक संरचना निर्माण कार्य गर्ने व्यवस्था रहेको देखिदैन । अतः नेपाल सरकारको नाममा रहेको सरकारी वा सार्वजनिक जग्गाको उपभोग गर्ने प्रयोजनार्थ खरिद प्रक्रिया अगाडि बढाउनु पूर्व भूमि सम्बन्धि नेपाल सरकारको प्रचलित कानूनको पूर्ण पालना गर्नु पर्दछ ।

## ५९ नमूना विद्यालयको भवन निर्माण

मिति २०८०/९/२० मा सम्झौता भई २०८१/२/३० मा कार्य सम्पन्न गर्ने गरी महेन्द्र मा.वि. को लाइब्रेरी र ल्याब दोश्रो तल्ला निर्माण कार्य **(contract no. 01/L&L-Building /NCB/EGPMUN/2080/81 )** निर्माण ब्यवसायी नमस्ते कन्स्ट्रक्सन मिथिला विहारी ९ धनुषासंग रु.६६९९९३० मा सम्झौता भई कार्य भएको देखिन्छ।यस सम्बन्धी अन्य विवरण तपसिल बमोजिम छन

५९.१ बीमाः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार रु २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने मितिसम्म निर्माण कार्यको हानि नोक्सानीको जोखिम बिरुद्ध प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटिने गरी बिमा गराउनु पर्ने व्यवस्था छ। निर्माण व्यवसायीले निर्माण कार्यको बीमा बापतको रकम बिल अफ क्वान्टिटिजमा नराखी खरिद सम्झौता गरेको देखिन्छ। अन्तिम विलसम्म बीमा गराएको देखिएन। यसरी बीमाको प्रावधान नगरी खरिद सम्झौता गरेको नियमसम्मत देखिएन । त्रुटी सच्याउने अवधिसम्मको निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुद्ध तोकिएको अवधिभरको रकम समेटिने गरी बिमा गराउने प्रावधान राखेर मात्र खरिद सम्झौता हुनुपर्दछ ।

५९.२ निर्माण कार्यको गुणस्तरः निर्माण कार्य गर्दा Quality Assurance Plan र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्दछ । BOQ मा ल्याव टेस्ट बापत रु. ५०० राखी लागत अनुमान तयार गरेको छ।तर खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको प्रावधान तथा पद्धती उल्लेख भएको देखिएन र श्रेस्ता परीक्षण गर्दा गुणस्तर परीक्षण गरेको कुनै प्रमाण पेश भएको पाइएन। गुणस्तर आश्वस्तता समेतको व्यवस्था गरी खरिद व्यवस्थापन हुनुपर्दछ ।

५९.३ एज विल्ड ड्रइङ् ठेक्का सम्झौताको SCC मा as build drawing सम्बन्धी प्रावधान नराखी सम्झौता गरेको छ । उक्त निर्माण व्यवसायीले निर्माण सम्पन्न work completion report पेश गरी भुक्तानी लिएको भएतापनि एज विल्ड ड्रइङ्ग पेश गरेको छैन।अन्तिम विलमा उल्लेख भएको बास्तविक काम BOQ भन्दा केही item ४०% सम्म भेरियसन भएको देखिन्छ तर भेरिशन अर्डर दिएको देखिदैन। variation order विना परिमाण हेरफेर गरी खरिद कानूनको बर्खिलाप हुनेगरी अन्तिम भुक्तानी दिएको देखिदा काम गुणस्तरीय र ड्रइङ्ग डिजाइन अनुसारको काम भएको छ भन्ने कुरामा आश्वस्त हुन नसकिएकाले यसमा पालिकाले छानविन गरी यथार्थ पत्ता लगाउनु पर्दछ।

## ६० लागत अनुमान तथा दर बिष्लेषण

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही तयार गर्नु पर्ने व्यबस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन भएका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स नभएकोले यस सम्बन्धमा प्राविधिक

शाखासंग छलफल गर्दा सडक तथा भवन विभागको नर्मस प्रयोग गर्ने गरेको जनाएको छ । केही योजनाहरुमा एक भन्दा बढी निकायको नर्म्स संलग्न गरी लागत अनुमान तयार गरेको देखियो । सडक, भवन लगायतको संरचना निर्माणको लागि सम्बन्धित कार्यमा सम्बन्धित निकायको र स्थानीय स्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण किफायती नर्म्सको प्रयोग गर्नुपर्दछ ।

### ६१ सौतेनिया पोखरी सौन्दर्यकरण

सौतेनिया पोखरी सौन्दर्यकरण गर्ने कार्यको लागि ठेक्का नं **04/SPS/NCB/RGPUN/2080.81** बाट रु.१४९९९९९६ को बोलपत्र आह्वान भएकोमा निर्माण व्यवसायी सिद्धार्थ कन्ट्रक्सनसंग २०८१।२।१७ देखि २०८१।३।२० गते सम्म कार्य सक्ने गरी भ्याट सहित रु.८४६७२४९।९५(भ्याट बाहेक रु.७४९३१४१।५५) मा सम्झौता भएको छ । संघीय सरकारवाट हस्तान्तरीत पूँजिगतको गो.भौ.नं./मिति १६/२०८१।२।२३ बाट रु. ७५७००० पेस्की दिएको र २०८१।३।२३ को मेजरमेन्ट बमोजिम पहिलो रनिङ्ग विलमा रु.९४९९४८ रहेकोमा रु.१९९९४८ भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

६१.१ **पूर्वनिर्धारित क्षतिपुर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिम काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपुर्ति तिर्नुपर्ने व्यवस्था छ । सिद्धार्थ कन्ट्रक्सनसंग २०८१।२।१७ देखि २०८१।३।२० भित्र निर्माण कार्य सम्पन्न गर्ने सम्झौता भएकोमा समयमा निर्माण व्यवसायीकै कारण तोकीएको म्याद भित्र कार्य सम्पन्न नभएकोले नियमावलीले तोकेवमोजिम असुल उपर गर्नुपर्दछ ।

६१.२ **विमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले निर्माण कार्यको लागि रु. १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्दा निर्माण व्यवसायीले विमा गराउनु पर्ने व्यवस्था रहेको छ । सौतेनिया पोखरी सौन्दर्यकरण ठेक्का सम्झौतामा समेत विमा उल्लेख नगरेको र निर्माण कार्यको समेत विमा नगरेको देखिन्छ । अतः नियमावलीले गरेको व्यवस्थाको पालना गर्नु पर्ने देखिन्छ ।

### ६२ नापी किताब प्रबिष्टी एवं अभिलेख

निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिल सम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायतका विवरण नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ विलको रकम भुक्तानी गर्दा दोहोरीने सम्भाबना देखिन्छ। क्रमागत तथा बहुबर्षिय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कति भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख ब्यबस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ ।

### ६३ खर्च शीर्षक फरक पारी भुक्तानी (232-२०८१-३-२३):

महालेखा नियन्त्रक कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४( दोश्रो परिमार्जन) अनुसार सम्वन्धित शीर्षकमा विनियोजन भए अनुसार मात्र खर्च लेख्नुपर्दछ । यस पालिकामा मेशिनरी तथा मर्मत खर्चबाट गाडी भाडा वापत जेष्ठ र असार महिनाको मासिक रु. १३२००० का दरले रु. २६४००० भुक्तानी भएको देखियो । यसरी शीर्षक समेत फरक पारी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,६४,००० |

६४ **रामगोपालपुर नगरपालिको भू वर्गीकरण नक्साः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| गो भौ न मिति | **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाटनिर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|---|
| ३१-२०८०/११/ ३० | **preparation of Land use classification plan of Ramgopalpur Municipality, Mahottari** | सिलिकन इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि ६०९६३५२०३ | १४००६४६ | १३९८९५१ | |
| | | | | | |
| जम्मा | | | १४००६४६ | १३९८९५१ | |

परामर्श खरिदका सन्दर्भमा देखिएका विषयहरु निम्नानुसार रहेका छन्

६४.१ परामर्श सेवाको सम्झौता सुरु हुने अवधि वि.स. २०८०।१।२४ देखि सुरु भएर २.५ महिना भित्रमा सम्पन्न गरिसक्ने गरी time based contract भएको छ। मिति २०८०।०३।२१ मा प्रतिवेदन बुझाएको देखिएकोले सो आयोजना तोकिएको म्याद भन्दा १२ दिन अगावै सम्पन्न भएकाले टोली प्रमुखले पूरै अवधि कार्य गरेको भुक्तानी लिएकोमा १२ दिन बराबर बढी भुक्तानी भएको असुल हुनुपर्ने रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,०८८ |

६४.२ Bill of Quantity को section B मा reimbursable activity भित्र तपसिलबमोजिम खर्च उल्लेख गरेको देखिन्छ। सोधभर्ना हुने खर्चको विल पेश गरी सोध भर्ना लिनुपर्नेमा विल पेश नगरी भुक्तानी लिएकोले प्रमाण पेश गर्नुपर्ने रु.
transportation cost rs.100000,
office rent accommodation cost rs.45000,
administrative cost rs.10000

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५५,००० |

६४.३ परामर्श सेवा खरिद गरे पछि त्यो सार्वजनिक निकायको सम्पतिको रुपमा रहन्छ।त्यस्तो सम्पतिको खर्च भएर नजाने जिन्सी मा बर्गीकरण गरी PAMS दाखिला गर्नु पर्दछ।

६४.४ Special condition of contract मा The Consultant will be responsible for taking out any appropriate insurance coverage भनि उल्लेख गरिएको छ।खरिद नियमावली २०६४ को नियम ११२ को ४ क मा परामर्श सेवा खरिदमा परामर्शदाताले सम्झौता गरेको २० दिन भित्र सम्झौताको कुल रकमको सवै किसिमको जोखिम ब्यहोर्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा professional liability insurance गराउनु पर्ने उल्लेख भएकोमा त्यस्तो बीमालेख पेश भएको देखिएन।

६५ **पोखरी ठेक्काको आय**

**पोखरी ठेक्काको असुल गर्न बाँकी आन्तरिक आयः**नगरपालिकाले आन्तरिक आय-आर्जनको लागी लगाइएका ठेक्काहरुवाट सम्झौता वमोजिम समयमै किस्ता रकम प्राप्त गर्नुपर्दछ । तर नगरपालिकाले माछापोखरी संचालन गर्न भाडामा लिने व्यवसायी विच ३ वर्षे सम्झौता हुने गरेको छ । सम्झौता वमोजिम आव २०८०।८१ मा प्राप्त गर्नुपर्ने आय रु.१०२०००० बांकी रहेको देखिएको छ । यो वर्षसम्म किस्ता प्राप्त हुनुपर्ने निम्नानुसारका व्यवसायीहरुबाट किस्ता प्राप्त नभएकोले सम्झौता अनुसार प्राप्त हुनुपर्ने किस्ता वापतको रकम र ढिला बुझाए वापत लाग्ने व्याज, जरिवाना समेत व्यवसायीवाट सरकारी बांकी सरह असुल गर्नुपर्ने रु.

| ठेक्काको नाम | ठेकेदार | सम्झौता मिति | अवधि | कबोल अंक | हालसम्म वुझाएको रकम | २०८०।८१मा वुझाउनु पर्ने बांकी रकम |
|---|---|---|---|---|---|---|
| मखनिया पोखरी | अशोक कुमार जयसवाल | २०७९।०६।३० | ३ | १५३०००० | ७६५००० | २५५००० |
| लिदियाहा पोखरी | ज्ञानी सहानी | २०७९।०९।०१ | ३ | १५३०००० | ५१०००० | ५१०००० |
| राजखोर पोखरी | ज्ञानी सहानी | २०७९।११।१९ | ३ | १५३०००० | ५१०००० | २५५००० |
| | जम्मा | | | | | १०२०००० |

ढिला बुझाए वापत लाग्ने व्याज, जरिवाना समेत व्यवसायीवाट सरकारी बांकी सरह असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०,००० |

६६ **कर तथा शुल्क**

**कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकाले असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

**मनोरञ्जन करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

**सम्पति करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घर जग्गामा सम्पति कर लगाउने व्यवस्था गरिएको छ । आर्थिक बर्ष २०८०।०८१ मा पालिकाले कुनैपनि सम्पती कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्रभित्र उठ्नुपर्ने एकिकृत सम्पती कर एकिन गरी असुल गर्नुपर्दछ ।

**सवारी कर** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्ना क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारीदर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छैन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

६७ **राजश्व सम्वन्धी व्यहोराहरु**

६७.१ **राजश्व दाखिला** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्र अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।नगरपालिकाले पालिका तथा वडाको

मालपोत वापतको आम्दानीमा एक वर्षसम्म पनि ढिलो दाखिला हुने गरेको छ । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले पालिकाले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । नगरपालिकाले देहाय अनसारको व्यक्तिहरुबाट आन्तरिक आय रु ७९१०३५ सम्बन्धित कर्मचारीबाट असुल गरेको छैन ।नियमअनुसार १० प्रतिशत ब्याज समेत सम्बन्धित व्यक्तिबाट असूल गरी दाखिला हुनुपर्ने रु.

| वडा नं | वडा /पालिका जिम्मेवार व्यक्तिको नाम | दाखिला बाँकी | जरिवाना सहित दाखिला बाँकी |
|---|---|---|---|
| १ | वडा सचिव सुमित कुमार भगत कार्यालय सहयोगि लालबाबु मण्डल।वडा अध्यक्ष विजय कुमार मण्डल | ११५९७८ | १२७५७५ |
| २ | वडा सचिव सुमित कुमार भगत | १६२५६७ | १७८८२४ |
| ३ | वडा सचिव महेन्द्र मण्डल | ३४५२६ | ३७९७८ |
| ४ | वडा सचिव महेन्द्र मण्डल | १०२१७ | ११२३९ |
| ६ | राजकुमार मण्डल । कम्प्युटर अप्परेटर विनय कुमार ठाकुर।का स मुकेश कुमार सिंह | १३६३१५ | १४९९४७ |
| ७ | महेन्द्र मण्डल | १४५ | १५९ |
| ९ | सुमित कुमार भगत। का स राकेश राय | २५९३७६ | २८५३१३ |
| | जम्मा | | ७९१०३५ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **४,२९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ७,९१,०३५ |
|---|---|

६७.२ **नगदी ठेली पेश नभएको**

पालिकाको आन्तरिक आय परीक्षण गर्दा प्राथमिक स्वास्थ्य केन्द्रका कृष्ण नन्दन चौधरीको र नं १- १०० गरी २ ठेली सरिता यादवको र नं ६०१ – ७०० गरी २ ठेली ,कल्पना दासको र नं ५०१ – ६०० गरी २ ठेली , र रामनारायण मण्डलको र नं ७०१ – ९५० गरी ५ वटा राजश्व उठाउने नगदी ठेली तथा चलानी किताब लेखापरीक्षणको क्रममा पेश नगरेकोले के कति राजश्व संकलन गरेको तथा कति दाखिला गरेको सम्वन्धी परिक्षण गर्न सकिएन। सो पालिकाले ति कर्मचारीहरुको ठेली तथा चलानी किताब पेश गर्न लगाउने तथा उठाएको राजश्व दाखिला गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

६७.३ **म ले प फारमको प्रयोग**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व एन, २०७६ का परिच्छद ५, दफा २७ बमोजिम कारोबारका लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले तोकिए बमोजिमका म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरेको छैन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्नानुसार फारामहरु अनिवार्य प्रयोग गरी राजश्वको लेखा राख्नु पर्दछ ।

- नगदी प्राप्ति रसिद म.ले.प फाराम नं. १०१
- दैनिक राजश्व/आम्दानी खाता म.ले.प फाराम नं. १०२
- राजश्व/आम्दानीको शिर्षकगत खाता म.ले.प फाराम नं. १०४
- राजश्व/आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५
- राजश्व/आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६
- राजश्व/आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७

६७.४ **राजश्व अभिलेख :**कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् एकिन गर्न सकिएन। अन्य व्यहोरा निम्न छन्

- समयमा पालिकाको आर्थिक ऐन सम्बन्धित व्यक्ति / सचिवहरुको हात हातमा नहुँदा नगदी/मालपोत ठेलिबाट प्राप्त आम्दानी पुरानो दर अनुसार उठाउने गरेकोले सङ्कलित रकम ऐकिन गर्न अप्ठ्यारो पर्न गएको कारण यस सम्बन्धमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।
- रसीद नियन्त्रण खाता नभएकोले दर्ता चलानी किताबमा बढी मात्रामा फरक परेकोले विश्वस्त हुन नसकिएकोले दर्ता चलानी किताबको अधारमा राजश्व संकलनलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ।
- लगत अद्यावधिक गरी नराखेको पालिकाले राजस्व बक्यौताको अभिलेखहरुको अद्यावधिक गरी राखेको देखिएन । अभिलेख नरहेकोले गत विगतमा के कति राजस्व बक्यौता रहेको विषयमा यकीन हुन सकिएन । पालिकाले गत विगतसहितको राजस्व बक्यौता अभिलेख अद्यावधिक गरी राजस्वको अभिलेख चुस्त दुरुस्त बनाउनुपर्दछ ।
- अधिकांश वडा सचिव तथा पालिका केन्द्र राजस्व प्रमुखले पन्ध्र दिन तथा महिनापश्चात् मात्र दाखिला गर्ने र आर्थिक वर्ष व्यतित भएपश्चात् दाखिला गरेको अवस्था छ । तसर्थ नियमको पालना हुनुपर्दछ ।
- **जे सि बि को आय नदेखाएको:** पालिकाले जेसिबि खरिद गरी आ व २०८०।०८१ मा आम्दानी रु ३९५०० गरेको र मर्मत तथा ईन्धनमा रु २१६७६३ खर्च गरेको देखिन्छ। नगरभरिमा नगर प्रमुखको आदेशानुसार जेसिबिको प्रयोग गर्ने गरेको देखिन्छ। तसर्थ सो बापत के/कति आय श्रृजना भएको हो यकिन छैन । नगरपालिकाले जेसिबि परिचालनलाई व्यवस्थित गरी आय श्रृजना गर्नुपर्दछ ।

  **संचित कोष व्यवस्थान प्रणाली**

  संचित कोष व्यवस्थान प्रणाली जडान गरी राजस्व संकलनको प्रयोग गर्नुपर्नेमा पालिका तथा वडा कार्यालयमा संचित कोष व्यवस्थान प्रणाली प्रयोग नगरी नगदी र मालपोत रसिद प्रयोग गरेको जसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ पालिकाबाटै छानविन गर्नुपर्दछ । प्रयोग नहुदा अभिलेख प्रणाली व्यवस्थित नभएको, केन्द्रीकृत नभएको, आन्तरिक नियन्त्रण नभएको र राजश्व चुहावटको सम्भावन रहेकोले अनिवार्य रुपमा संचित कोष व्यवस्थान प्रणाली प्रयोगमा ल्याउनुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई संचित कोष व्यवस्थान प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।

६८ **सामाजिक सुरक्षा भत्ता विवरण**

६८.१ **बैंक स्टेटमेन्ट उपलब्ध नभएको :** नगरपालिकाले समाजिक सुरक्षा भत्ता वित्तरण प्रयोजनका लागि पालिका अन्तर्गतका ९ वडामा भत्ता वितरण प्रयोजनको लागि ४ वटा बैंकहरुमा रकम निकासा रु १३३८९६२७२ गरेकोमा सिटिजन्स बैंक, ज्योति विकास बैंक, सिद्धार्थ बैंकहरुबाट स्टेटमेन्ट भने लेखापरीक्षणमा पेश गरेको छैन । यस सम्बन्धमा नगरपालिकासँग बुझ्दा ती बैंकहरुले कार्यालयले पठाएको

विवरण EFT को आधारमा सिधै लाभग्राहीको खातामा रकम जम्मा गर्ने गरेकोमा के कति रकम बैंकमा बाकी रहेको सो को विवरण पेश नभएको र प्रत्येक व्यक्तिको छुट्टा छुट्टै स्टेटेमेन्ट उपलब्ध गराउनु पर्ने भएकोले सामाजिक सुरक्षाको एकमुष्ट स्टेटमेन्ट बैंकले उपलब्ध गराउन नसक्ने जवाफ पालिकाले दिएको छ ।

६८.२ **समय सिमाभित्र वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को परिच्छेद १८(१) बमोजिम स्थानिय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोबार बन्द गर्नुपर्ने ब्यवस्था छ ।सोही कार्यविधिको परिच्छेद १८ (२) अनुसार, (१)बमोजिम आर्थिक कारोबार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अध्यावधिक गरी बैंकसँगको हिसाब मिलान गर्नुपर्ने ब्यवस्था रहेकोमा तोकिएको समय सिमाभित्र हिसाब मिलान गरेको देखिन आएन । तसर्थ समय सिमा भित्र हिसाब मिलान गर्नुपर्दछ ।

६८.३ **अनुगमन तथा निरीक्षण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम, दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

६८.४ **सार्वजनिक सुनुवाई**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को परिच्छेद ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको ।

संपरीक्षणबाट थप भएको बेरुजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
| --- | --- | --- |
| १ | आन्तरिक अनुगमन सहजीकरण र वाह्य अनुगमन मूल्यांकनका लागि वजेट खर्च गर्नुपर्नेमा विभिन्न पुस्तक तथा फेन्सी स्टोरको विल पेश गरी रकम खर्च गरेको रु २५२९६३ मध्ये रु.१०१६७१ रकम असुल भई बाँकी रु१५१२९२ नियमसम्मत नदेखिएको रु | 151292.00 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रामगोपालपुर नगरपालिका, महोत्तरी , रामगोपालपुर नगरपालिका , महोत्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ACCHELAL DAS | २०८०-११-२३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Ranjeet Kumar Yadav | २०८०-१०-२ | २०८०-१०-२ |
| कार्यालय प्रमुख | Binod Kumar Mandal | २०७८-११-१५ | २०८०-६-२४ |
| लेखा प्रमुख | Narendra Kumar Yadav | २०७८-१२-१६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,१५४,००६.४९ | ६,५१६,४५२ | २९,६८४,७१४.९ | ० | ० | ५,७६४,०३६ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४६,११९,२०९.३९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २३,१५६,१२२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | १५१,२९२ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २३,११४,३७९.३९ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ३६४२३५३९.०१ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २०७४८७९७८ | चालु खर्च | २२११६३३०३ |
| प्रदेश सरकारबाट अनुदान | १००२०००० | पूँजीगत खर्च | १०११९१०४५.९ |
| राजश्व बाँडफाँट | ८५२३६४७५ | वित्तीय/अन्य व्यवस्था | ३२३५६३१२.३३ |
| आन्तरिक आय | १५५३६४९०.५२ | | |
| अन्य आय | ४९९२०२२.११ | | |
| कुल आय | ३२३२७२९६५.६३ | कुल खर्च | ३५४७१०६६१.२३ |
| बाँकी मौज्दात | | ४९८५८४३.४१ | |

## अनुसूची - २

## बेरूजु दफा १०.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.स | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च |
|---|---|---|
| १ | आ व २०७९।८० को माघ र फागुन महिनाको संचय कोष योगदानमा आधारित निवृत्तभरण बिमा कट्टी दाखिला बाँकी रकम | ३०४९२९ |
| २ | कुश्वाहा बस्त्रालय | २६०४०१ |
| ३ | बैठक भत्ता वडागत २। ३। ४। ५ । ७ । ८ | ६०११६ |
| ४ | महालक्ष्मी आयल स्टोर्स | १७१५४० |
| ५ | अच्छेलाल दास | १०००० |
| ६ | मुस्लिम बैठा | १५००० |
| ७ | एस आर एस ट्रेडर्स | २४६६८ |
| ८ | संजय राउत | ५३१९७ |
| ९ | रंजित कम्प्युटर एण्ड रिपियरिङ्ग सेन्टर | ३९५०० |
| १० | मेशिनरी सामाग्री मर्मत | ५०२५२० |
| ११ | शिव शक्ति इलेक्ट्रोनिक्स | ३९८०० |
| १२ | अनिल इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स | १९५०० |
| १३ | आर आर ट्रेडिङ्ग एण्ड सप्लायर्स गौशाला महोत्तरी | १०९९९३ |
| १४ | जानकी ट्रेडर्स | ९७७११ |
| १५ | जय माँ जगदम्बा ट्रेडर्स | ७५७१० |
| १६ | प्रगति जेनरल सप्लायर्स | ७३४०५ |
| १७ | पशुपति छापाखाना | १७५५० |
| १८ | प्रगति जेनरल सप्लायर्स | ८२०३८ |
| १९ | ए टु जेड ट्रेड एण्ड सप्लायर्स | ४७८२३८ |
| २० | आयुष जेनरल स्टोर्स | ९०२८७ |
| २१ | पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन र प्रशारण खर्च | ४४९५३ |
| २२ | देव नर्सरी तथा विरुवा उत्पादन केन्द्र | ९९९०० |
| २३ | राम तलेवर मरर | ३९६०० |
| २४ | रामबाबु साह | १६१७६२ |
| २५ | मनोज ट्रेडर्स | ३६००० |
| | | |

| | | |
|---|---|---|
| २६ | महेन्द्र मण्डल | ४२००० |
| २७ | सुबोध टेन्ट हाउस | ५१२००० |
| २८ | सुमित कुमार भगत | २५००० |
| २९ | राम करण मण्डल | १५००० |
| ३० | न्यू सोनु इलेक्ट्रोनिक्स एण्ड जेनरल सप्लायर्स रामगोपालपुर | ४२०५३ |
| ३१ | विशेश्वर रजक | १००००० |
| ३२ | दानी साह | ३०००० |
| ३३ | गाडी भाडा | ५६००० |
| ३४ | देव जनरल अर्डर सप्लायर्स | ६६०४८५ |
| ३५ | भु उपयोग वर्गीकरण कार्यको भुक्तानी | १३९८९५१ |
| ३६ | संग्रामपुर सहसौला मेन रोड देखि उत्तरपट्टी राजनन्दन यादवको घर सम्मको माटो पुर्ने कार्य वडा नं ८ | १९४०० |
| ३७ | बिनोद महतोको खेत देखि राम बालक मण्डलको घर सम्म कृषि सडक निर्माण कार्य वडा नं ४ | ८९४३२ |
| ३८ | मुनि मण्डलको खेत देखि बाबा रोड सम्म कृषि सडक निर्माण कार्य वडा नं ५ | २९१००० |
| ३९ | जिव यादवको घर देखि विमलेश यादवको घर सम्म माटो ग्राभेल कार्य वडा नं ९ | ९०९३० |
| ४० | राम बिहारीको खेत देखि ब्रह्मस्थान मन्दिर सम्मको सडक स्तर उन्नति गर्ने काम वडा नं १ | ८११९५ |
| ४१ | तिलक सहनीको घर देखि राम शरण महतोको घर सम्म सडक स्तर उन्नति कार्य वडा नं ६ | ७९३९० |
| ४२ | मेन रोड देखि दक्षिण मिश्री साहको घर सम्म सडक मर्मत कार्य | ८८७५० |
| ४३ | वडा नं ७ मा रहेको विभिन्न ठाउँमा विद्युतिकरण मर्मत कार्य | २९१०० |
| ४४ | खानेपानी बोडिङ्ग खरिद तथा जडान कार्य वडा नं ५ | ८१००० |
| ४५ | ने रा प्रा वि विश्वम्भरपुरमा बोडिङ्ग जडान गर्ने कार्य वडा नं ६ | ७९६३२ |
| ४६ | बसबिट्टी मदर्साको स्तरउन्नति कार्य वडा नं १ | ८९६८६ |
| ४७ | बाध बाध्ने कार्य वडा नं ६ | ४८५०० |
| ४८ | मुसहर समुदायमा शौचालयको रिङ्ग तथा सिट वितरण कार्य वडा नं ६ | ९९००० |
| ४९ | बिर्ता ब्रह्मस्थानमा रहेको पुल नजिकको खाल्टो पुर्ने कार्य वडा नं. ८ | ७८१०४ |
| ५० | चापाकल सरसफाई र ग्रिल सेट लगाउने कार्य वडा नं ८ | ८९१७५ |
| ५१ | रजोखरी पोखरीको डिलमा रहेको खेल मैदानको स्तरउन्नती कार्य वडा नं ३ | ३४९५७१ |
| | जम्मा | ७४७३६७२ |

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. |
| --- | --- | --- | --- | --- |
| | | | | म्याद नाघेको |
| ०२/०१/२०८१ | १९६ | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा , गर्भवती उत्प्रेरणा सेवा , रक्तसंचार , न्यानो झोला , गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार कार्यक्रम | प्रणय कुमार यादव | ५००००० |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | एकलब्य आधारभूत विद्यालय हरी टेन्गर | १५०५२५ |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | जनजागृति प्राथमिक विद्यालय सहसौला | ३०३७५० |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | जनता आधारभूत विद्यालय कञ्चनपुर | १९१०२५ |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | जनता दलित हरिणमरी | ८७७५० |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | नेपाल राष्ट्रिय आधारभुत विद्यालय विश्वम्भरपुर | २६७३०० |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | बालज्ञान आधारभुत विधालय | १८३६०० |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | युवा आधारभूत विद्यालय गोईठी टिकुलिया | १३०२७५ |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री दोरिक जनता अधारभूत विद्यालय(०-८) वि. | २८०१२५ |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय लक्ष्मीपुर | १४२४२५ |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालय रामगोपालपुर | २५०४२५ |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री राजेन्द्र आधारभुत विद्यालय विश्वम्भरपुर | ९०४५० |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री राम जानकी आधारभूत विद्यालय, रामगोपालपुर न.पा.-४ , महोत्तरी | २७१३५० |
| ०६/३०/२०८० | ३६ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री राष्ट्रिय आधारभूत विद्यालय रामगोपालपुर ८ | १२१५०० |
| ०८/२४/२०८० | ६१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री जनता आ.वि. विद्यालय | २५८३५० |

| | | | | |
|---|---|---|---|---|
| | | | सहसौला | |
| ०८/२४/२०८० | ६१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री जनता आधारभुत विधालय दोलाठी | २५५११५० |
| ०८/२४/२०८० | ६१ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्री नेपाल राष्ट्रिय आ.वि. मोहनपुर | २६२५७५ |
| ०८/२७/२०८० | २२८ | बिमा तथा नविकरण खर्च | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | २८२६१५ |
| ०२/२३/२०८१ | १०७ | न.पा भित्रका विभिन्न योजनाहरु | नेपाल विद्युत प्राधिकरण जलेश्वर वितरण केन्द्र | २७८४६ |
| ०२/०९/२०८१ | १३ | बौधिमाई, खोपी , रामगोपालपुर नगरपालिका | बौँधीमाई झो पु निर्माण कार्य वडा नं ६ | १५००००० |
| ०६/०८/२०८० | ९ | ईन्द्रपूजा व्यवस्थापन खर्च | रामरतन मुखिया | १००००० |
| ०६/१२/२०८० | २९ | विविध खर्च | गंगाराम राय | ७००० |
| 2080।३।१० | ७९० | सवारी साधना मर्मत(गत आवको यस आवमा म्याद सकिएको पेस्की) | | १००००० |
| जम्मा | | | | ५७६४०३६ |

## बेरूजु दफा ४६ सँग सम्बन्धित विवरण - अनुसूची -५

| गो.भौ.नं.-मिति | कार्यक्रम | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| १६२-२०८१/०३/१७ | खानेपानी खरिद तथा जडान कार्य ७ | विजय प्रसाद यादव | ८७८८३.०० |
| २७१-२०८१/०३/२४ | एकलव्य आधारभूत विद्यालयको स्तरउन्नती कार्य | कौशल कुमार यादव | ५८२००.०० |
| २४-२०८०/०९/२५ | खानेपानी बोडिङ्ग खरिद तथा जडान कार्य वडा नं ५ | सिता देवी साह तेली (अमानत) | ८१०००.०० |
| २१८-२०८१/०३/२१ | लक्ष्मी मण्डलको घर देखि कृषि फर्मसम्मको सडक स्तरउन्नती कार्य | राम जानकी मण्डल | ४२५००.०० |
| १९०-२०८१/०३/२० | मेन रोडदेखि दक्षिण मिश्री साहको घरसम्म सडक मर्मत कार्य | सरोज कुमार साह अमानत | ८८७५०.०० |
| ६३-२०८१/०१/१३ | वडाको विभिन्न ईनारको स्तरउन्नती कार्य | संजय कुमार यादव अमानत वडा नं २ | ९१७७९.०० |
| ४३-२०८०/१२/२६ | न.पा भित्रका विभिन्न योजनाहरु | विजय मण्डल अमानत | ९७०००.०० |
| ४-२०८०/०६/०९ | वडा नं ७ मा रहेको विभिन्न ठाउँमा विद्युतिकरण मर्मत कार्य | हरि पासमान | २९१००.०० |
| ३०-२०८०/११/२९ | चपाकल सरसफाई र ग्रिल सेट लगाउने कार्य वडा नं ८ | रमेश कुमार चौधरी यो. | ८९१७५.०० |
| २९-२०८०/११/२७ | तिलक सहनीको घर देखि रामचरण महतोको घर सम्म सडक स्तरउन्नती कार्य वडा नं ६ | रामबाबु चौधरी | ७९३९०.०० |
| ३५-२०८०/१२/०६ | न.पा भित्रका विभिन्न योजनाहरु | दिपेन्द्र कुमार राय | ९७०००.०० |
| २२६-२०८१/०३/२२ | डिभिजन बक्स देखि दुधो थान सम्म नाला जिर्णोद्धार कार्य वडा नं ९ | संजय राय ( अमानत) | ८९४३०.०० |
| २४०-२०८१/०३/२३ | लक्ष्मीपुर दोलाठी कठीको नहरको पश्चिम डिलको पुलदेखि अवधेश सिंहको पोखरी सम्म नयाँ कृषि सडक निर्माण कार्य | रेनु देवी चौधरी अमानत २०८०।८१ | ८८७२९.०० |
| २२६-२०८१/०३/२२ | डिभिजन बक्स देखि दुधो थान सम्म नाला जिर्णोद्धार कार्य वडा नं ९ | लालबाबु चौधरी | ८९४३०.०० |
| २७३-२०८१/०३/२४ | बाध बाध्ने कार्य वडा नं ६ | राम पुकार सिंह आ.स. विवाह २०८०।८१ | ४८५००.०० |
| १४-२०८०/०८/२४ | न.पा भित्रका विभिन्न योजनाहरु | सकेन्द्र मण्डल | ४८५००.०० |
| ११४-२०८१/०२/२७ | खानेपानी जडान कार्य | राम प्रबोध मण्डल (अमानत) | ८९५८६.०० |
| १८८-२०८१/०३/२० | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय विश्म्भरपुर बोरिङ्ग जडान गर्ने कार्य वडा नं ६ | महेश प्रसाद यादव | ७९६३२.०० |
| १३५-२०८१/०३/१० | गोठ खैरा टोलको सामुदायिक दलानको स्तरउन्नती कार्य | सुरेन्द्र कुमार बैठा | ८९७८८.०० |
| १५८-२०८१/०३/१५ | सहसौला टोलमा माटो ग्राभेल कार्य ७ | विपिन कुमार यादव अमानत २०८०।८१ | ८९६६९.०० |
| ११- २०८०/०७/२४ | संग्रामपुर सहसौला मेन रोड देखि उत्तरपट्टी राजनन्दन यादवको घर सम्मको माटो पुर्ने कार्य वडा नं ८ | राजनन्दन यादव | १९४००. |

| | | | |
|---|---|---|---|
| २२०-२०८१/०३/२१ | बसविट्टी टोलमा सडक स्तरउन्नती कार्य वडा नं. १ | सलाउदिन शेष | ८७८००.०० |
| २५२-२०८१/०३/२३ | कमल मुखियाको घर देखि शत्रोहन मण्डलको घर सम्मको सडक स्तरउन्नती कार्य | राम लक्ष्मण मुखिया अमानत २०८०।८१ | ८८९५९.०० |
| २६४-२०८१/०३/२४ | वडा कार्यालय भवनको रंग रोगन कार्य वडा नं. २ | दिप कुमार महतो का.स. | ९०९०८.०० |
| १८०-२०८१/०३/१९ | बसबिट्टी मदर्साको स्तरउन्नती कार्य वडा नं १ | शेष मन्जुर आमानत २०८०।८१ | ८९ , ६८६.०० |
| १५०-२०८१/०३/१५ | खोपी ब्रह्मस्थान टोलमा विभिन्न सडकको स्तरउन्नती कार्य वडा नं. ९ | शिव शंकर कुमार शर्मा | ८६८२६.०० |
| १४२-२०८१/०३/१३ | राम बिहारीको खेत देखि ब्रह्मस्थान मन्दिर सम्मको सडक स्तरउन्नती गर्ने काम वडा नं १ | कृष्ण मण्डल अमानत | ८११९५.०० |
| ९८-२०८१/०२/२१ | श्री रा. ज. आ. विद्यालयको प्रांगणमा माटो पुर्ने कार्य | हरि शंकर प्रसाद मण्डल अमानत | ८९३३७.०० |
| ५५-२०८१/०१/०४ | जिवछ यादवको घर देखि विमलेश यादवको घर सम्म माटो ग्राभेल कार्य वडा नं ९ | संजय कुमार यादव(अमानत) | ९०९३०.०० |
| १५६-२०८१/०३/१५ | पम्पसेट खरिद तथा जडान कार्य ७ | दिपक कुमार यादव अमानत २०८०।८१ | ९२६४८.०० |
| २१६-२०८१/०३/२१ | न.पा भित्रका विभिन्न योजनाहरु | राज किशोर मण्डल अमानत २०८०।८१ | ८९६११.०० |
| १६४-२०८१/०३/१७ | सहसौला उत्तरवारी टोलमा माटो ग्रेभेल कार्य ७ | संतोष कुमार यादव अमानत २०८०।८१ | ८८४४२.०० |
| १२-२०८०/०८/१० | बिनोद महतोको खेत देखि रामबालक मण्डलको घर सम्म कृषि सडक निर्माण कार्य वडा नं ४ | रविन्द्र महतो | ८९४३२.०० |
| २९६-२०८१/०३/२४ | खानेपानी सामाग्री खरिद तथा जडान कार्य | सुमित्रा देवी | ८६१६९.०० |
| २९८-२०८१/०३/२४ | नुरमोहम्मद अंसारीको घरको छेउमा पिसिसि ढलान कार्य | गोविन्द कुमार साह | ८९८९२.०० |
| २२-२०८०/०९/२० | न.पा भित्रका विभिन्न योजनाहरु | प्रमोद साह | ९७०००.०० |
| १६६-२०८१/०३/१७ | चापाकलको हेड खरिद तथा जडान, समुदायिक दलानमा ढोका लगाउने कार्य एवं पानी निकासाको लागि पाइप खरिद तथा जडान गर्ने कार्य वडा नं. | विनोद राउत | ८९८००. |

## बेरूजु दफा ४८ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| भौ. नं./ मिति | भुक्तानी पाउने | कार्यक्रम | नर्म्स | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भूक्तानी |
|---|---|---|---|---|---|---|
| ७३०-२०८१/०१/१८ | सिपमुलक नेपाल निर्माण संस्था ६१९३१५६६१ | सरफ झोल बनाउने 5 दिने तालिम | खाजा खाना २५० | ८१,२५० | १७१,२५० | ८८,६५० |
| | | | संयोजक ४०० | २,००० | २,००० | ० |
| | | | कार्यालय सहयोगी २५० | ७५० | २,१०० | १,१४८ |
| | | | प्रशिक्षक भत्ता १२०० | १२,००० | १५,००० | २,५५० |
| | | | विविध ३००० | ३,००० | ३,५०० | ५०० |
| | | | प्रतिवेदन २००० | २,००० | २,००० | ३० |
| **जम्मा** | | | | | | **९२,८७८** |
| ७६८-२०८१/०१/२७ | श्री प्रतिक्षा न्यूज नेटवर्क प्रा लि ६१०००७८९३ | लागु औषध सम्बन्धी जनचेतनामूक कार्यक्रम | खाजा खाना २५० | २७,००० | ६३,८०० | ३६,२४८ |
| | | | संयोजक ४०० | २,४०० | ४,८०० | २,०४० |
| ७७१-२०८१/०१/२७ | श्री मिथिला सामुदायिक युवा क्लव ६०८५६५५०५ | दाइजो प्रथा न्यूनिकरण सम्बन्धी जनचेतना कार्यक्रम | खाजा खाना २५० | १८,००० | ४३,२०० | २४,८२२ |
| | | | संयोजक ४०० | २,४०० | ४,८०० | २,०४० |
| जम्मा | | | | | | **६५,१५०** |
| 801-२०८१/02/06 | ड्रिम अफ यूथ | बालविवाह विरुद्ध जनचेतना कार्यक्रम | संयोजक ४०० | २,८०० | ७,००० | ३,५७० |
| | | | प्रशिक्षक भत्ता १२०० | १६,८०० | २५,२०० | ७,१४० |
| | | | प्रतिवेदन/प्रस्ताव लेखन | २,००० | ३,५०० | १,५३० |
| जम्मा | | | | | | **१२,२४०** |
| 868-२०८१/02/22 | श्री मिथिला सामुदायिक युवा क्लव६०८५६५५०५ | बालविवाह विरुद्ध जनचेतना कार्यक्रम वडा न ५ | खाजा खाना | १८,००० | ४३,२०० | **२४,८२२** |
| 875-२०८१/02/23 | नेपाल बहुउद्देशीय संस्था६१६५७२०२७ | बालविवाह विरुद्ध जनचेतना कार्यक्रम वडा न ५ | खाजा खाना | ९,२०० | १९,२०० | **९,८५०** |
| 902-२०८१/02/29 | प्रदेश संचार सेवा प्रा लि ६१०२०४०९६ | वडा स्तरीय दाइजो प्रथा उन्मूलन सम्बन्धी सडक नाटक | खाजा खाना | ३७,४३० | ८९,८३२ | **५१,६१६** |
| ९५७-२०८१/०३/12 | निर्धन समाज उत्थान केन्द्र ६०५०९४७९० | बालविबाह विरुद्धको जनचेतना कार्यक्रम | खाजा खाना २५० | ११२,५०० | २६८,८०० | १५३,९५६ |
| | | | संयोजक ४०० | २,४०० | ६,००० | ३,०६० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **जम्मा** | | | | | | **१५७,०१६** |
| ९५9-२०८१/०३/12 | एक्सन नेपाल ६१४४१७१४४ | नपा स्तरीय महिला हिंसा विरुद्धको कार्यक्रम | खाजा खाना २५० | ५०,००० | १२०,००० | ६८,९५० |
| | | | संयोजक ४०० | ८,००० | २०,००० | १०,२०० |
| **जम्मा** | | | | | | **७९,१५०** |
| ९७५-२०८१/०३/13 | जन जागरण नेपाल ६१४६८८७९७ | महिला सशक्तिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | खाजा खाना २५० | १६०,००० | ३०७,२०० | १४४,९९२ |
| | | | संयोजक ४०० | ३,६०० | ७,२०० | ३,०६० |
| | | | विविध ३००० | ३,००० | ४,५०० | १,५०० |
| **जम्मा** | | | | | | **१४८,०५२** |
| ९७7-२०८१/०३/13 | भिजन नेपाल६०८८६५८२९ | महिला सशक्तिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | खाजा खाना २५० | १६६,२५० | ३१९,२०० | १५०,६५६ |
| | | | संयोजक ४०० | ३,२०० | ६,४०० | २,७२० |
| | | | विविध ३००० | ३,००० | ५,५०० | २,५०० |
| **जम्मा** | | | | | | **१५३,३७६** |
| १०१८-२०८१/०३/१७ | श्री प्रतिक्षा न्यूज नेटवर्क प्रा लि ६१०००७८९३ | छुवाछुत उन्मुलन सम्बन्धी जनचेतनामुलक कार्यक्रम | खाजा खाना २५० | ५०,००० | १२०,००० | **६८,९५०** |
| **जम्मा** | | | | | | **६८,९५०** |
| 1019-२०८१/03/१7 | परिवर्तनका लागि सहयोगी हातहरु ६१०५८३३७९ | लागुपदार्थ दूर्व्यसनी रोकथाम सम्बन्धी जनचेतनामुलक कार्यक्रम | खाजा खाना २५० | १६०,००० | ३०७,२०० | १४४,९९२ |
| | | | संयोजक ४०० | ३,६०० | ७,२०० | ३,०६० |
| | | | विविध ३००० | ३,००० | ४,५०० | १,५०० |
| **जम्मा** | | | | | | **१४९,५५२** |
| 1021-२०८१/03/१7 | श्री कल्याणकारी नेपाल३०५३७९२६५ | पशु बिमा सम्बन्धी जनचेतना मुलक कार्यक्रम | खाजा खाना २५० | १४२,५०० | २८५,००० | १४०,३६३ |
| | | | संयोजक ४०० | २,४०० | ६,००० | ३,०६० |
| | | | विविध ३००० | ३,००० | ६,००० | ३,००० |
| **जम्मा** | | | | | | **१४६,४२३** |
| 1023-२०८१/03/१7 | समाज उत्थान युवा केन्द्र ३०५३६४१९३ | महिलाहरुको प्रजनन स्वास्थ्य सम्बन्धी | खाजा खाना २५० | ४०,००० | ८६,००० | ४५,३१० |
| | | | संयोजक ४०० | ६,४०० | १६,००० | ८,१६० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जनचेतनामुलक कार्यक्रम | | | | |
| **जम्मा** | | | | | | **५३,४७०** |
| 1039-२०८१/03/20 | अरुण कुमार साह | इमिस सम्बन्धी तालिम | खाजा खाना २५० | ३३,७५० | ८१,००० | ४६,५४१ |
| 1091-२०८१/03/22 | ग्रिनलिफ स्माइल फउण्डेशन नेपाल ६१९८९५४२० | बाल विवाह अन्त्य तथा सचेतना कार्यक्रम | खाजा खाना २५० | ४५,००० | १०८,००० | ६२,०५५ |
| | | | संयोजक ४०० | १,२०० | ३,००० | १,५३० |
| | | | विविध ३००० | ३,००० | ४,५०० | १,५०० |
| | | | प्रशिक्षक भत्ता १२०० | ७,२०० | १२,००० | ४,०८० |
| **जम्मा** | | | | | | **६५,०८५** |
| 1203-२०८१/03/24 | महिला तथा बालबालिका उत्थान केन्द्र६१८८६९२२६ | बाल विवाह न्यूनिकरण सम्बन्धी सचेतनामुलक कार्यक्रम | खाजा खाना २५० | १२२,५०० | २३५,२०० | १११,०१० |
| | | | प्रशिक्षक भत्ता १२०० | ७,२०० | १२,००० | ४,०८० |
| **जम्मा** | | | | | | **१११,०१०** |

## बेरूजु दफा ५० सँग सम्बन्धित विवरण - अनुसूची -७

| गौ.भौ.नं./मिति | उपभोक्ता समिति | कार्य | तोकिएको दर | भुक्तानी भएको दर | परिमाण | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १०/२०८०।६।३ | सम्सी जनकपुर सडक खण्ड देखि लक्ष्मण भण्डारीको घरसम्मको अपुरो नाला निर्माण कार्य वडा नं ५ | ब्रिक मेशिनरी १: ६ | १४७१० | १६५६४.७४ | ३९.६८ | ७३५५७ |
| १८/२०८०।०९।०३ | अगलेसरा चौक देखि कंचनपुर टोल जाने सडकको स्तरउन्नती उन्नती कार्य-५ /२०८०।८१ | ग्राबेल | २४७३.३८ | २८२३.२१ | ४०४.२५ | १४१४१८ |
| ३८/२०८०।१२।१६ | वडा नं ५ को विभिन्न सडक स्तरउन्नती कार्य उ.स | माटो पुर्ने | ५२३.९६ | ५३२.९६ | ८९३.९ | ८०४५.१ |
| ४७/२०८०।१२।२७ | न.पा भित्रका विभिन्न सडकहरुको मर्मत कार्य वडा नं ८ | माटो पुर्ने | ५२३.९६ | ५३२.९६ | १६१०.७१ | १४४९६.३९ |
| | | | | | | २३७५१६ |

## बेरूजु दफा ५१ सँग सम्बन्धित विवरण - अनुसूची -८

| गो.भौ.नं/मिति | उपभोक्ता समिति | कार्यपरिमाणब | बढि भुक्तानी |
|---|---|---|---|
| ४५/२०८०।१२।२६ | धिरेन्द्र सिंहको घर देखि सुनिल सिंहको पोखरी सम्म पिसिसि ढलान र कल्भर्ट निर्माण कार्य | ५६.१९७७ | ३३१५ |
| ८४/२०८१।२।७ | पुरन मण्डलको घरदेखि अवध मण्डलको खडेरी सम्मको सडक पिसिसि ढलान कार्य | ६२.५४ | ३६८९ |
| १३३/२०८१।३।९ | राम प्रतापको घर देखि चमारखल्ला सम्म सडकको ढलान कार्य उ.स. वडा नं ९ | १३५.५९५ | ७९५६ |
| २१४/२०८१।३।२१ | गणेश साहको घर देखि लक्ष्मी खत्वेको घर सम्मको सडक स्तरउन्नती कार्य वडा नं ५ २०८०।८१ | ७९.७९ | ४७०७ |
| २८८/२०८१।३।२४ | सम्सी जनकपुर सडक खण्ड देखि मौजे महतोको फुलवारी जाने सडकको स्तर उन्नती कार्य वडा ५ | ११५.३४ | ६८०५ |
| २९०/२०८१।३।२४ | सम्सी जनकपुर सडक खण्ड देखि मौजे महतोको फुलवारी जाने सडकको स्तर उन्नती कार्य वडा ५ | ११५.१८ | ६७९५ |
| २९२/२०८१।३।२४ | राज किशोर बैठाको घर देखि सामुदायिक भवन जाने सडकको स्तरउन्नती कार्य वडा नं 4 | १०८.४९ | ६४०० |
| जम्मा | | | ३९६६७ |

## बेरूजु दफा ५२ सँग सम्बन्धित विवरण - अनुसूची -९

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ७५/ २०८।०१।२६ | नयाँ कृषि सडक निर्माण कार्य वडा नं. ७ | माटो खन्ने पुर्ने | ५, ३२ , ४९६.०० | जे.सि.भि | ५६५०५ |
| १०५/२०८१।२।२३ | नान्टुन मण्डलको घर देखि पश्चिम दानी साहको जग्गा हुदैँ बैरिया बेलपकौना सडक सम्मको सडक निर्माण कार्य वडा नं. ८ | माटो खन्ने पुर्ने | ६, १८ , ३३१.०० | जे.सि.भि | ५६२४०१ |
| ११०/२०८१।२।२४ | नयाँ कृषि सडक निर्माण कार्य वडा नं. ७ | माटो खन्ने पुर्ने | ४, ३७ , ५०३.०० | जे.सि.भि | ४९०७०२ |
| ११२/२०८१।२।३१ | नयाँ कृषि सडक निर्माण कार्य उ.स. वडा नं. ८ | माटो खन्ने पुर्ने | २२, ३१ , ०००.०० | जे.सि.भि | २२३१०००. |
| २०३/२०८१।३।२१ | सुखन मण्डल को खेत देखि बासुदेव मण्डलको खेत सम्म कृषि सडक निर्माण कार्य उ.स. वडा नं १ २०८०।८१ | माटो खन्ने पुर्ने | ५, ८२ , ०००.०० | जे.सि.भि | ४०२४५५ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नहुने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।